# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १२ | अंक १२ | शुक्रबार, १९ फागुन २०७९ | SOURYA NATIONAL DAILY | Friday, 3 March 2023 | पृष्ठ : ८ | मूल्य रू. ५


# फेरिँदै राष्ट्रपति चुनावको 'घरदैलो'

● अरु चुनावमा यसरी उम्मेदवारी दर्ता गरेपछि अब जितियो, जितियो भनेर आ आफ्नो पार्टीका नेता तथा कार्यकर्ता एकअर्कालो नाकै अगाडि औंलो ठड्याउँथे । तर, यसपटकको राष्ट्रपतिको चुनावमा भने तिनका कुरा फिल्टर गरेको पानीजस्तो देखियो । सबै तुसको आगो मनभित्र बले झैं देखिन्थ्यो । तर, रिसको ज्वालामुखी लुकाएर उनीहरूले बाहिर मन्द मुस्कान छोड्दै भोट मागे । त्यसको आशय भने हामी सहकर्मीहरू हौं, हामी सिस्टेमीमा प्रतिस्पर्धा गर्छौं भन्ने नै हो । राष्ट्रपतिका अघिल्ला निर्वाचनमा पराजय हुने निश्चित भएकाहरू केवल औपचारिकताका लागि उम्मेदवारी दिन्थे । अनि चुप लागेर बस्थे । तर यसपटकदेखि शैली फेरिएको छ ।





**सौर्य समाचार**

काठमाडौं । 'ओलीजी र म सँगै जेल बसेका हौं, त्यसैले यो चुनावमा उहाँले मलाई सहयोग गर्नुहुन्छ' फागुन १३ गते राष्ट्रपतिमा आफूले उम्मेदवारी दर्ता गराएपछि कांग्रेस नेता रामचन्द्र पौडेलेको टिप्पणी थियो । तर, त्यो भन्दा अगाडि एमालेको तर्फबाट सो पार्टीका उम्मेदवार उपाध्यक्ष सुवास नेम्वाङले उम्मेदवारी दर्ता गराइसकेका थिए ।

'ओलीजी पनि मसँग जेलमा बस्नुभएको हो, पुरानो साथी हो । उहाँले पनि सबैको साझा पदमा सहमति जुटाउन योगदान गर्नुहोला भन्ने विश्वास लिएको छु', पौडेलले सञ्चारकर्मीसँग भनेका थिए, 'मैले सर्वसम्मत बन्ने इच्छा गरेको हो । निर्वाचनको दिनसम्म कोसिस रहन्छ ।' संविधान, संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र संस्थागत गर्न अहिलेको चुनौती भएकाले आफ्नो भूमिका त्यसमा केन्द्रित हुने उनको भनाइ थियो ।

यता एमाले अध्यक्ष ओली सहितका नेताहरू साथमा लिएर उम्मेदवारी दर्ता गराएका नेम्वाङले पनि आफू उम्मेदवार भएकोमा खुसी व्यक्त गरे । राष्ट्रपतिका लागि उम्मेदवारी दर्ता गरेपछि सुवास नेम्वाङले आफूलाई अत्यन्तै खुसी लागेको बताए । 'उम्मेदवारी दर्ता गरेर मलाई खुसी लागेको छ, पार्टीले मलाई अघि सारेको छ, सबैको तर्फबाट राष्ट्रपतिको उम्मेदवारी दिएको छु, संविधानले दिएको जिम्मेवारी पूरा गर्नेछु । जनता र राष्ट्रलाई सर्वोपरी राख्नेछु', संसद् भवन बाहिर सञ्चारकर्मीसँग नेम्वाङको भनाइ थियो । सँगै रहेका अध्यक्ष ओलीले पनि नेपाली कांग्रेस लगायतदलहरूप्रति आफूलाई भरोसा भएको टिप्पणी गरेका थिए । आठ दलीय मोर्चा बनेकोले कांग्रेस उम्मेदवारले जित्ने आंकलन भइरहेको बेला ओलीले आफूलाई त्यस्तो केही थाहा नभएजस्तो गरेर टिप्पणी गरे ।

'कुनै पनि चिजको एक सर्कल नै पूरा नगरी सहमति यता उता हुने कुरा छैन, सहमति उल्लंघन गर्ने कुरा हुँदैन, आफूले बोलेका प्रतिबद्धताहरू पूरा गर्नुपर्ने हुन्छ, त्यसकारण पनि एमालेले उम्मेदवारी दिएको छ', अध्यक्ष ओलीले भने ।

आठ दलीय गठबन्धन पनि छैन त्यसको जानकारी आफूहरूलाई नभएको पनि ओलीले बताए । 'केही दलका साथीहरूलाई बालुवाटारमा बोलाइएको रहेछ, उहाँहरू हाम्रो सम्पर्कमै हुनुहुन्छ केही साथीहरूको साथ रहेकै छ । पुस १० मा जे सहमति भएको छ त्यही बाहेक हामीलाई थाहा छैन', ओलीले भने ।

यसपटकको राष्ट्रपतिको उम्मेदवारीपछि नेताहरूको यस्ता रमाइला प्रतिक्रियाका वर्षा नै भए । अरू चुनावमा यसरी उम्मेदवारी दर्ता गरेपछि अब जितियो, जितियो भनेर आ आफ्नो पार्टीका नेता तथा कार्यकर्ता एकअर्काको नाकै अगाडि औंलो ठड्याउँथे । तर, यसपटकको राष्ट्रपतिको चुनावमा भने तिनका कुरा फिल्टर गरेको पानीजस्तो देखियो । सबै तुसको आगो मनभित्र बले झैं देखिन्थ्यो । तर रिसको ज्वालामुखी लुकाएर उनीहरूले बाहिर मन्द मुस्कान छोड्दै भोट मागे । त्यसको आशय भने हामी सहकर्मीहरू हौं, हामी सिस्टेमीमा प्रतिस्पर्धा गर्छौं भन्ने नै हो । राष्ट्रपतिका अघिल्ला निर्वाचनमा पराजय हुने निचित भएकाहरू केवल औपचारिकताका लागि उम्मेदवारी दिन्थे । अनि चुप लागेर बस्थे । तर, यसपटकदेखि शैली फेरिएको छ । उम्मेदवार दिएपछि आफ्ना मतदाता (प्रदेशसभा तथा प्रतिनिधिसभा र राष्ट्रिय सभाका सदस्यहरू) र तिनका पार्टी कार्यालयमा दैडधुप गरेको देखियो । मानौं यसपटकदेखि राष्ट्रपतिको निर्वाचनमा घेरदैलोको शैली परिवर्तन भएको छ ।

अहिलेको नेपाली राजनीतिमा तितो सम्बन्ध भएका पार्टी एमाले र एकीकृत समाजवादी हुन् । किनकि उनीहरू एउटै मूलवाट दुई भंगालोमा बाँडिएका हुन् । एकीकृत समाजवादीलाई आलोचना र त्यसका नेतालाई गाली गर्न एमाले अध्यक्ष केपी ओली माहिर मानिन्छे । तर, ओलीले राष्ट्रपतिको चुनावमा सहयोग गर्न पहिलो पत्र एकीकृत समाजवादीका नेता माधवलाई लेख्दै संबोधन गरेका थिए- माननीय माधवकुमार नेपाल ज्यू । राष्ट्रपतिको निर्वाचनमा एमालेले सहयोगका लागि पठाएको पत्र मध्ये त्यो पहिलो भएको स्रोतले बतायो ।

एकीकृत समाजवादीलाई पार्टीको मान्यता नदिन र १४ जना सो पार्टीको नेताहरूको सांसद पद खारेज गर्न नौ महिना एमालेले संसद् अवरुद्ध पारेको थियो । कुनै कार्यक्रममा सो पार्टी र त्यसका नेताको हैसियत एमालेले मानेको थिएन । तर, यो साता त्यस्तो पार्टीलाई किन माननीय माधवकुमार नेपाल भन्दै पार्टीगत पत्र पठायो ? यसको एउटै उत्तर थियो, राष्ट्रपतिको निर्वाचन ।

पार्टीका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले एमालेले पत्र लेखेकोमा धन्यवाद ज्ञापन गर्दै यसले औपचारिक रूपमा राजनीतिक संवादको ढोका खुलेको प्रतिक्रिया दिए । यद्यपि राष्ट्रपति निर्वाचनमा एमालेका उम्मेदवारलाई सघाउन नसकिने एकीकृत समाजवादीको भनाइ थियो । सो पार्टीको सचिवालय बैठकले कांग्रेसका उम्मेदवार पौडेललाई मतदान गर्ने निर्णय पनि गरिसकेको छ ।

'पत्रका लागि धन्यवाद । यसले औपचारिक रूपमा राजनीतिक संवादको ढोका खोलिदिएको छ । राष्ट्रपति निर्वाचनको सन्दर्भमा पनि निकै अगाडि बढिसकेको हुँदा एमालेको अनुरोधलाई स्वीकार गर्न स्थिति नभएता पनि सकारात्मक सोचका साथ राजनीतिक संवादको वातावरण निरन्तर रहिरहेमा एजेन्डाअनुसार सहकार्यको वातावरण निर्माण हुन सक्दछ', खतिवडाको टिप्पणी थियो ।

नेपाली राजनीतिमा चुनाव प्रचारको बेला आमसभा र जुलुस नभएको बेला घरघरमा गएर भोट माग्ने चलनलाई 'घर दैलो अभियान' भन्ने गरिन्छ । तर, त्यो अहिले राष्ट्रपतिको चुनावमा सरेको छ । अरू निर्वाचनमा उम्मेदवार मतदाताको घरघरमा गए झैं अहिले राष्ट्रपतिका उम्मेदवार पार्टी कार्यालयहरूमा पुग्न

बाँकी पृष्ठ २

# राष्ट्रिय परिचयपत्रका लागि पाँच ठाउँ थपियो



**सौर्य समाचार**

काठमाडौं । राष्ट्रिय परिचयपत्रको आवेदन र वितरणको काममा ढिलासुस्ती भइरहेको भन्दै आलोचना भएपछि सरकारले काठमाडौंमा थप पाँच स्थान तोकेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को चासोपछि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले थप नयाँ केन्द्र स्थापना गरी आवेदन प्रक्रियालाई सहज बनाएको हो ।

विभागका महानिर्देशक रुद्रप्रसाद पण्डितका अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौं र ललितपुरका अलावा नारायणहिटी दरबार परिसर, राष्ट्रिय सभागृह, विभागकै परिसरमा आवेदन दिन सकिनेछ । विभागका अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा बागमती प्रदेशका ललितपुर र भक्तपुर बाहेकका सबै जिल्ला तथा मधेस प्रदेशका पर्सा र धनुषाका सेवाग्राहीले आवेदन दिनसक्ने व्यवस्था गरिएको छ । यस्तै, जिल्ला प्रशासन कार्यालय ललितपुरमा कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका सबै जिल्ला र मधेस प्रदेशका सप्तरी, सलाहीका जिल्लाका सेवाग्राहीले आवेदन दिन सक्नेछन् ।

बाँकी पृष्ठ २

# कालीमाटीको विषादी प्रयोगशालाको अनुगमन



**सौर्य समाचार**

काठमाडौं । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको नेतृत्वमा गएको टोलीले फलफूल तथा तरकारीमा विषादी परीक्षणका लागि सञ्चालित विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालाको अनुगमन गरेको छ । कृषि मन्त्रालयको कृषि प्रयोगशालाअन्तर्गत सञ्चालन हुँदै आएको कालिमाटीस्थित उक्त प्रयोगशालाले तरकारी तथा फलफूलमा विषादी परीक्षणको गुणस्तरीयता तथा प्रभावकारितावारे अध्ययन गर्न टोलीले अनुगमन गरेको हो ।

कृषि मन्त्रालयका सहसचिव कालिप्रसाद पराजुली नेतृत्वको टोलीले प्रयोगशालाको निरीक्षण गर्नका साथै प्रयोगशालाको गतिविधिको अनुगमन गरेको थियो । प्रयोगशालाले हाल दैनिक १० देखि १२ वटा नमुनाको अध्ययन गरी तरकारी तथा फलफूलको गुणस्तरीयता सुनिश्चित गर्दै आइरहेको छ ।

अनुगमन टोलीले कालिमाटी प्रयोगशाला तथा देशका अन्य स्थानमा रहेका प्रयोगशालाको सेवा प्रभावकारिता वृद्धि गर्न विषयमा हाल देखिएका समस्या तथा चुनौतीहरूका बारेमा प्रतिवेदन पेस गर्न केन्द्रीय प्रयोगशाला तथा विषादी अवशेष द्रुत विश्लेषण केन्द्रलाई निर्देशन दिएको छ । केन्द्रीय कृषि प्रयोगशालामार्फत् हाल कालिमाटीका अतिरिक्त देशका सात वटा स्थानमा प्रयोगशालामार्फत् तरकारी तथा फलफूलको गुणस्तरीयता जाँच हुँदै आएको

बाँकी पृष्ठ २

# 'महिलाको प्रतिनिधित्व बढाउन दलभित्र शुद्धीकरण'



**सौर्य समाचार**

काठमाडौं । सरोकारवालाहरूले समानुपातिक समावेशी प्रतिनिधित्वमा महिलाको सहभागिता बढाउन राजनीतिक दलभित्र शुद्धीकरणको आवश्यकता रहेको औंल्याएका छन् ।

बिहीवार बसेको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा समानुपातिक समावेशी प्रतिनिधित्वसम्बन्धी कानुनी व्यवस्था र वर्तमान अवस्थावारे भएको छलफलमा राष्ट्रिय सभा, प्रतिनिधिसभा र प्रदेशसभाका सांसद तथा नेताहरूले राजनीतिक दल लैगिकमैत्री बन्नुपर्नेमा जोड दिए । समितिका सभापति दिलकुमारी रावल पार्वतीले समानुपातिक समावेशी प्रतिनिधित्वका लागि राजनीतिक दल उत्तरदायी बन्नुपर्ने बताइन् । उनल भनिन्, 'संघीय संसद् र प्रदेशसभावाट बनाइने कानुन संविधानमा भएको व्यवस्थाअनुसार महिलामैत्री बनाउन सांसद सचेत हुनुपर्छ ।'

उनले समानुपातिक प्रतिनिधित्वमा विगतमा धेरैपटक राजनीतिक दललाई निर्वाचन प्रणाली विषयमा समितिले उत्तरदायी बनाउन छलफल भएको

बाँकी पृष्ठ २

# प्रचण्डको खुलासा : 'जब ओलीले संसद् विघटन ठीक भन्नुभयो ...

● "पुस २६ गते प्रतिनिधिसभाबाट विश्वासको मत लिने क्रममा मलाई अभूतपूर्व मत प्राप्त भयो, त्यो आफैँमा राष्ट्रिय सहमतिको आधार थियो । बालुवाटारको पछिल्लो वार्तामा पनि मैले निकै गम्भीरताका साथ ओलीजीलाई भनेको थिएँ, देश अप्ठ्यारो परिस्थितिमा छ । तपाईं र म मिलेर नेपाली कांग्रेसका उम्मेदवारलाई राष्ट्रपतिमा प्रस्ताव गरौं, मिलेर राष्ट्रिय सहमतिको वातावरण बनाउँ"




**सौर्य समाचार**

काठमाडौं । प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गत २६ पुसमा बसेको प्रतिनिधिसभा बैठकमा संसद् विघटन ठीक थियो भन्ने अभिमत जाहेर भएपछि आफूहरूले नयाँ विकल्प खोजेको जानकारी दिएका छन् ।

काठमाडौंमा बिहीबार दिउँसो नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेललाई विजयी गराउन आठ दलका सांसदहरूको संयुक्त भेलालाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले २६ पुसको प्रतिनिधिसभामा एमाले अध्यक्षद्वारा व्यक्त विचारले आफूहरूलाई सोच्न बाध्य बनाएको बताए ।

'अघिल्लोपटक संविधानविपरीत संसद् विघटन भएपछि हामी सबै संविधान र लोकतन्त्रको पक्षमा उभियौं । संसद् पुन:स्थापना गर्न सडकसम्म गयौं । हाम्रो गठबन्धन लोकतन्त्र र संविधानको रक्षाका निम्ति थियो, विकास र समृद्धिको जनचाहना सम्बोधन गर्न थियो । तर, बीचमा हामी अलिकति अलमलियौं, अब ठीक ठाउँमा आएका छौं । गठबन्धन सुदृढ बनाएर अघि बढ्छौं', प्रधानमन्त्रीले भने, 'रामचन्द्रजीलाई आठ दलको मात्र होइन १० दलको समर्थन छ । गठबन्धनमा रहेका दलका साथै आमआदमी र नेपाल समाजवादी पार्टीको पनि समर्थन छ । स्वतन्त्र सांसदहरूको पनि समर्थन छ । उहाँले निर्वाचन जितिसक्नुभएको छ । यो लोकतन्त्र र संविधानको हितमा छ ।'

नेपाली राजनीति उतारचढावपूर्ण परिस्थितिमा रहेको र अहिले पनि राजनीतिक संकट र चुनौतीकै बीचमा रहेको बताउँदै प्रधानमन्त्री प्रचण्डले भने, 'पुस २६ गते प्रतिनिधिसभाबाट

बाँकी पृष्ठ २

## कालीमाटीको...

आएको छ । केन्द्रले प्रस्तुत गर्ने प्रतिवेदनका आधारमा थप छलफल गरी देशैभरि प्रयोगशाला विस्तार तथा स्थापना भएका प्रयोगशालालाई प्रभावकारी तथा गुणस्तरीय रूपमा सञ्चालन गर्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

## राष्ट्रिय...

त्यस्तै, नारायणहिटी दरबार परिसरमा कोसी, लुम्बिनी र गण्डकी प्रदेशका सबै जिल्ला र मधेस प्रदेशका सिरहा, महोत्तरी, बारा र रौतटहका सेवाग्राहीले आवेदन दिनसक्ने व्यवस्था मिलाइएको महानिर्देशक पण्डितले जानकारी दिए । यस्तै विभाग परिसरमा नेपाल सरकार तथा मातहतका कर्मचारी, पूर्व कर्मचारी तथा विशिष्ट पदाधिकारीले आवेदन दिनसक्नेछन् ।

त्यस्तै, राष्ट्रिय सभा गृह प्रदर्शनीमार्गमा राष्ट्रसेवक कर्मचारीका परिवारले आवेदन दिन सक्नेछन् । हाल देशैभरिका ७७ वटै जिल्ला प्रशासन कार्यालय र ४२ वटा इलाका प्रशासन कार्यालयबाट राष्ट्रिय परिचयपत्रको आवेदन दिन सकिन्छ । परिचयपत्रको विवरण प्रविष्ट गर्नका लागि नागरिकताको प्रमाणपत्र, बसाइँसराइ गरी आएकाको हकमा बसाइँसराइको सक्कल प्रमाणपत्र, विवाहितको हकमा विवाह दर्ता प्रमाणपत्रको सक्कल र कर्मचारी भए कार्यालयको सिफारिस र पूर्व कर्मचारी भए पेन्सन पट्टा आवश्यक पर्नेछ ।

राष्ट्रिय परिचयपत्र आवेदन तथा वितरणको कामलाई प्रभावकारी बनाउन र गति दिन प्रधानमन्त्री दाहालको निर्देशनपछि विभागले तदारुकता देखाएको छ । गृह मन्त्रालयको कार्यभारसमेत प्रधानमन्त्री दाहालले नै लिएका छन् ।

## महिलाको...

बैठकमा जुरी नेपालका अधिवक्ता मोहनलाल आचार्यले समानुपातिक समावेशी प्रतिनिधित्वसम्बन्धी कानुनी व्यवस्था र वर्तमान अवस्थाबारे अध्ययन प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । उनले संविधानको धारा ३८ मा टेकेर महिला अधिकारका लागि कानुन नबनेको बताइन् ।

उनले राजनीतिक दल आफैँमा लैंगिकमैत्री नहुनु मुख्य चुनौती भएको बताइन् । उनले ३३ प्रतिशत प्रतिनिधित्व हो वा समानुपातिक हो भन्ने विषयमा स्पष्टता नभएको बताएकी थिइन् ।

नेकपा (एमाले)का सांसद महेश बर्तौलाले दलभित्र लैंगिकमैत्री वातवरण तयार नभएसम्म महिला नेतृत्वको सहभागिता बढ्न नसक्ने बताइन् । उनले भने 'दलभित्र लैंगिकमैत्री वातावरण बन्नुपर्छ । अर्कातर्फ महिलाभित्र पनि चेपाङ, मुसहर, दलित र सिमान्तकृत समुदायको प्रतिनिधित्व हुन आवश्यक छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद विनिता कठायतले महिला नेतृत्वले महिलाकै मुद्दा र जनताको मुद्दा उठाउन नसक्दा नेतृत्वप्रति विश्वास प्राप्त गर्न नसकेको बताइन् । 'महिला भएकै कारण नेता बन्ने भन्दा पनि महिला नेताहरूले आफ्नो क्षमताको विकास र जनताको मद्रद्दा बद्रभ्नतर्फ ध्यान दिन आवश्यक छ', उनले भनिन् ।

नेकपा (एमाले)का सांसद सोनाम गेल्जेन शेर्पाले दलीय शासनमा दल सुधार नभएसम्म महिला, आदिवासी र जनजातिका मुद्दाअघि बढ्न नसक्ने बताए।नेकपा(माओवादी केन्द्र)का नेता देवी खड्काले समानुपातिक सहभागिताका लागि दलभित्र सुधार गर्न आवश्यक भएको धारणा राखिन् । उनले भनिन्, 'समस्या पार्टीभित्र छ । पार्टी शुद्धीकरण नगरेसम्म समानुपातिक सहभागितामा सुधार हुन सक्दैन ।'

रास्वपाका सांसद सुमना श्रेष्ठले निर्वाचनमा हुने फजुल खर्च नियन्त्रण गर्नपर्ने बताइन् । उनल भनिन्, 'पैसाबिना पनि निर्वाचनमा उम्मेद्वार बन्न र निर्वाचित हुन सकिन्छ भन्ने वातवरण बनाउन आवश्यक छ । यसले उम्मेद्वारमा आत्मविश्वास बढ्छ ।'

उनले निर्वाचनका समयमा उम्मेद्वारले भड्किलो खर्च नगर्ने संयन्त्रको व्यवस्था गर्नपर्नेमा जोड दिइन् ।

बैठकमा प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलाको सहभागिता बढाउने, प्रतिनिधित्व गर्ने महिलाबीच एकताबद्ध आवाज बनाउनुपर्ने लगायतका विषयमा छलफल भएको थियो ।

## प्रचण्डको...

विश्वासको मत लिने क्रममा मलाई अभूतपूर्व मत प्राप्त भयो, त्यो आफैँमा राष्ट्रिय सहमतिको आधार थियो । बालुवाटारको पछिल्लो वार्तामा पनि मैले निकै गम्भीरताका साथ ओलीजीलाई भनेको थिएँ, देश अप्ठ्यारो परिस्थितिमा छ । तपाईं र म मिलेर नेपाली कांग्रेसका उम्मेद्वारलाई राष्ट्रपतिमा प्रस्ताव गरौँ, मिलेर राष्ट्रिय सहमतिको वातावरण बनाउँ । तर, उहाँले मान्नुभएन । त्यसपछि हामी अधिकतम सहमतिका साथ आजको परिस्थितिमा छौँ ।'

आफ्नो लागि प्रधानमन्त्री पद ठूलो कुरा नभएको भन्दै उनले संविधान र लोकतन्त्रको रक्षा ठूलो भएको बताए । तर, २६ पुसमा संसद्मा केपी ओलीले संसद् विघटन गर्नुँ ठीक थियो भनेपछि संसद् विघटनको विपक्षमा रहेकाहरूले सोच्न बाध्य भएको प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।

'संविधान र लोकतन्त्रविरूद्ध हामी जाने कुरा भएन । हामीले सोच्न बाध्य भयौँ । त्यस्तो नयाँ परिस्थिति बन्यो । आज फेरि संविधान र लोकतन्त्रको रक्षाका निम्ति हामी एकठाउँ उभिएका छौँ । हामीसँग विगतका तीता अनुभवहरू छन् । राष्ट्रपति संस्था संविधान र लोकतन्त्रको रक्षक हो, राष्ट्रको अभिभावक हो । तर, विगतमा त्यस्तो भएन', प्रधानमन्त्रीले भने, 'यसपटक हामीले संविधानको महत्व र अन्तर्य बुझेको, लोकतन्त्रका निम्ति लामो संघर्ष गरेको निष्ठावान नेता उम्मेद्वार बनाएका छौँ । उहाँले संविधान र लोकतन्त्रको रक्षाका निम्ति अभिभावकको भूमिका खेल्नुहुनेछ भन्ने हाम्रो विश्वास छ ।'

कार्यक्रममा पूर्वप्रधानमन्त्रीद्वय नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, राष्ट्रपतिका उम्मेद्वार रामचन्द्र पौडेल, नेताहरू महन्त ठाकुर, अशोककुमार राई, राजेन्द्र श्रेष्ठ, बेदुराम भुसाल, रञ्जिता श्रेष्ठ, दुर्गा पौडेल, अब्दुल खान लगायतले सम्बोधन गरेका थिए ।

## फेरिंदै...

र भोट माग्न व्यस्त छन् । यस अघिका राष्ट्रपतिका तीन चुनाव सकिएका छन् । तिनमा पनि यस्तै प्रतिस्पर्धा नै भएको थियो । तर, नेपाली राजनीतिमा भने अहिले यो पहिलोपटक निर्वाचनको घरदैलो कार्यक्रमजस्तो देखिएको छ ।

बिहीबार राष्ट्रपति पदका उम्मेद्वार एमाले नेता सुवास नेम्वाङले एकीकृत समाजवादीका नेतासँग मत मागेका छन् । एकीकृत समाजवादीको केन्द्रीय कार्यालयमा एमालेका नेतासहित पुगेका नेम्वाङले आफ्नो पक्षमा मतदान गर्न आग्रह गरेका हुन् ।

एकीकृत समाजवादी अध्यक्ष माधवकुमार नेपाल, महासचिव बेदुराम भुसालसहितका नेतासँग नेम्वाङले राष्ट्रपतिमा आफूलाई मत दिन आग्रह गरेका हुन् । नेपाली कांग्रेसले पनि आफ्नो प्रतिस्पर्धी उम्मेद्वार रहेको पार्टी एमाले लगायतका पार्टीहरूसँग औपचारिक, अनौपचारिक रूपमा भोट मागेका छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई राष्ट्रपतिका उम्मेद्वार वरिष्ठ नेता रामचन्द्र पौडेललाई भोट माग्दै पत्र पठाएका छन् । सभापति देउवाले नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई राष्ट्रपतिका उम्मेद्वार वरिष्ठ नेता रामचन्द्र पौडेललाई भोट माग्दै पत्र पठाएका छन् ।

देउवाले भोट माग्दै लेखेको पत्र कांग्रेसका मुख्यसचिव कृष्णप्रसाद पौडेलले ओली निवास बालकोट पुगेर बुझाएका थिए ।

यसअघि एमालेका तर्फबाट राष्ट्रपति उम्मेद्वार बनेका उपाध्यक्ष नेम्वाङलाई भोट हाल्न अध्यक्ष ओलीले कांग्रेसबाहेक दल र स्वतन्त्रलाई पत्र पठाएका थिए ।

नेम्वाङसहित एमाले उपाध्यक्ष विष्णु पौडेल, प्रवक्ता एवं उपमहासचिव पृथ्वीसुब्बा गुरुङ लगायतका नेता अध्यक्ष नेपाललाई भेट्न पुगेका थिए ।

राष्ट्रपति पदका उम्मेद्वार एमाले नेता सुवास नेम्वाङले आफूलाई मत दिन आग्रह गर्दै विभिन्न दलका नेताहरूलाई भेट्ने क्रममा रास्वापसँग पनि भेट गरेका छन् । बिहीबार दिउँसो राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को केन्द्रीय कार्यालय धुम्बाराही पुगेर आफूलाई मत दिन आग्रह गरेका छन् । रास्वपा अध्यक्ष रवि लामिछाने सहितका नेताहरूलाई भेटेर एमालेका नेताहरूले राष्ट्रपतिमा नेम्वाङलाई मत दिन आग्रह गरेका हुन् ।

नेम्वाङसहित एमाले प्रवक्ता एवं उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, योगेश भट्टराई लगायतका नेताहरूले रास्वपाका नेताहरूलाई भेटेका हुन् ।

राष्ट्रपतिका उम्मेद्वारसमेत रहेका कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले पनि रास्वपाका अध्यक्ष रवि लामिछानेलाई भेटेर भोट मागेका थिए । लामिछानेले पौडेललाई सकारात्मक जवाफ दिएका थिए । सोही दिन कांग्रेस सभापति देउवाले लामिछानेलाई फोन गरेका थिए । सरकारबाट समर्थन फिर्ता नलिएको उल्लेख गर्दै लामिछानेले मिलेर जान आफू तयार भएको देउवालाई बताएका थिए ।

लामिछानेले राहदानी मुद्दा र उपनिर्वाचनबारे पनि देउवासँग कुराकानी गरेको कांग्रेस नेताहरू बताउँछन् । यस विषयमा लामिछानेका साथै रास्वपाका केन्द्रीय सदस्य दीपक बोहराले पनि कांग्रेस नेताहरूसँग संवाद गरिरहेका छन् ।

---

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्

### एन आई सी एशिया बैंक लिमिटेडको बहादुरगञ्ज शाखा स्थानान्तरण सम्बन्धी अत्यन्त जरूरी सूचना

यस बैंकको कृष्णनगर नगरपालिका वडा नं. ८ बहादुरगञ्ज, कपिलबस्तुमा सञ्चालनमा रहेको बहादुरगञ्ज शाखा मिति २०७९/११/२१ गते आईतबार देखि कृष्णनगर नगरपालिका वडा नं. ८ बहादुरगञ्ज, कपिलबस्तु (साबिकको स्थानबाट करिब १०० मिटर अगाडी दक्षिणतर्फ) स्थानान्तरण भई सो नयाँ स्थानबाट सम्पूर्ण बैंकिङ्ग कारोबार सञ्चालन हुने व्यहोरा समस्त ग्राहक महानुभाव तथा सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारी गराईन्छ ।




अत्यावश्यक जानकारीको लागि बहादुरगञ्ज शाखाका शाखा प्रबन्धक श्री फर्शुराम गैरे - (९८०१९८२५४५/९८५७०७४१२३) लाई सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

ISO 9001 Certified Bank · CARE-NP A-(Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

---

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

**केन्द्रीय कार्यालय:**
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५/११६
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

### यस बैंकको प्रगतिनगर शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

**प्रकाशित मिति : २०७९/११/१९**

यस विकास बैंकको प्रगतिनगर शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ताहरुलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पति जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्तिहरु (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताहरुको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सवैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| सि. नं. | ऋणीको विवरण | धनजमानीकर्ताको विवरण | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. (क) | **देवकोटा पशु फार्म**<br>**प्रमाण पत्र नं. : १५०४२**<br>ठेगाना : देवचुली- १४, नवलपरासी<br>दर्ता गर्ने कार्यालय : देवचुली नवलपरासी<br>स्थायी लेखा नं.: ६१५८९१२४८<br>**व्यवसायी/धनजमानीकर्ता/ व्यक्तिगत जमानीकर्ता : सिता देवी देवकोटा**<br>**ना.प्र.नं. : २५३२४/३१८४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>पति : रामचन्द्र देवकोटा<br>ससुरा : इश्वरी प्रसाद शर्मा<br>ठेगाना : प्रगतिनगर नगर-०३, हाल, देवचुली -१५, नवलपरासी ।<br>कर्जा शीर्षक : सहुलियत ब्याजदर कजा | **१.रामचन्द्र शर्मा**<br>**ना.प्र.नं. : ७/२४३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : इश्वरी प्रसाद शर्मा<br>बाजे : शिव पाध्या<br>ठेगाना : पिठौली-०८, हाल, देवचुली-१५, नवलपरासी ।<br>**२.सर्मिला देवकोटा (अधिकारी)**<br>**ना.प्र.नं. : ३६२०१४/८३८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>पति : विष्णु प्रसाद देवकोटा<br>ससुरा : रामचन्द्र देवकोटा<br>ठेगाना : प्रगतिनगर-०३, हाल, देवचुली-१५, नवलपरासी ।<br>**३.कल्पना कुमारी ढकाल**<br>**ना.प्र.नं. : ३६१०२९/२८९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>पति : सुरेन्द्र देवकोटा<br>ससुरा : रामचन्द्र देवकोटा<br>ठेगाना : रामनगर-०५, हाल, देवचुली-१५, नवलपरासी ।<br>**४.कृष्ण देवकोटा**<br>**ना.प्र.नं. : ३६२०१४/८१४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : रामचन्द्र शर्मा<br>बाजे : इश्वरी प्रसाद शर्मा<br>ठेगाना : प्रगतिनगर-०३, हाल, देवचुली-१५, नवलपरासी ।<br>**५. दयाराम देवकोटा**<br>**ना.प्र.नं. : ३६२०१४/१४५३**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : रामचन्द्र शर्मा<br>बाजे : इश्वरी प्रसाद शर्मा<br>ठेगाना : प्रगतिनगर-०३, हाल, देवचुली-१५, नवलपरासी ।<br>**६.सुरेन्द्र देवकोटा**<br>**ना.प्र.नं. : ३१७४४९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : रामचन्द्र देवकोटा<br>बाजे : इश्वरी प्रसाद शर्मा<br>ठेगाना : प्रगतिनगर-०३, हाल, देवचुली-१५, नवलपरासी । | १) रामचन्द्र शर्माको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता कायम रहेको निम्न अनुसारको घरजग्गा<br>ठेगाना / नक्सा सिट / कित्ता नं. / क्षेत्रफल<br>प्रगतिनगर-३, नवलपरासी / ३ख / ५३५ / ०-०-२-०<br>प्रगतिनगर-३, नवलपरासी / ३ख / ४६७ / ०-१-५-०<br>साथै सम्पूर्ण लिगलगापात समेत । |
| (ख) | **ऋणी/व्यक्तिगत जमानीकर्ता : विष्णु प्रसाद देवकोटा**<br>**ना.प्र.नं. : ३६१७४५०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : रामचन्द्र देवकोटा<br>बाजे : इश्वरी प्रसाद शर्मा<br>ठेगाना : प्रगतिनगर-०३, हाल, देवचुली-१५, नवलपरासी ।<br>**कर्जा शीर्षक : व्यक्तिगत इक्विटी कर्जा**<br>**नोट : (दुवै कर्जाका धितो तथा जमानीकर्ता एउटै रहेको)** | | |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियारप्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ कार्यदिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्र पेश गर्दा सबै सम्पत्ति (घर/जग्गा) वा कुनै एक सम्पत्ति अलग-अलग कित्ता समेत खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।
५. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
६. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
७. रितपूर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
८. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।
९. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आंफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
१०. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
११. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।
१२. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१३.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पूनश्च** : उल्लिखित ऋणी (व्यवसायी)/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन ।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:**
**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७९/११/२५ गते र बोलपत्र खोलिने मिति : २०७९/११/२६**
**समय: दिनको : ३:00 बजे**
**सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**

---

**आठबीस नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राकमकर्णाली, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**सुचना प्रकाशित मिति : २०७९।११।१९**

यस कार्यालयवाट मिति २०७९/१०/०९ मा प्रकाशित तपशिलमा उल्लेखित योजना निर्माणको लागि राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सुचना अनुसार तपशिल बमोजिम न्युनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रायोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.न | ठेक्का नं | कामको विवरण | छनोट भएका वोलपत्रदाता | स्वीकृत रकम रु. (VAT र PS ) सहित |
|---|---|---|---|---|
| 1. | 03/NCB/AM/WS/2079-080 | Construction of Brihat Khanepani Nirman Aathabis -6. Aathabis - 06, Dailekh. | Parash NirmanSewa, Khandachakra-11,Kalikot | 5826293.122 |
| 2. | 04/NCB/AM/W/2079-080 | Construction of Chinejyula Kharaya Sakadikhet Tatbandhan at Aathabis Municiaplity-1, Dailekh | Parash NirmanSewa, Khandachakra-11,Kalikot | 4582128.19 |

# माङसेबुङको एउटै वडामा सवा दुई करोडको सिँचाइ कुलो निर्माण हुँदै

■ राम योङहाङ

इलाम । जिल्लाको माङसेबुङ गाउँपालिकामा २ करोड १४ लाख रुपैयाँको लागतमा चार वटा सिँचाइ कुलो निर्माण सुरु भएको छ । माङसेबुङ गाउँपालिका-१ का विभिन्न चार वटा टोलमा छुट्टाछुट्टै सिँचाइ कूलो निर्माण सुरु भएको छ । गाउँपालिकामा सञ्चालित साना सिँचाइ कार्यक्रमअन्तर्गत पाटीगाउँ, गजुर मुखीधाम, दोभान र तोभाङ क्षेत्रमा सिँचाइ कुलो निर्माण सुरु भएको हो ।

स्थानीय लम्फेवा खोलाबाट तीन वटा सिँचाइ कुलो र फेवाखोलाबाट एउटा सिँचाइ कुलो निर्माण भएको हो । पाटीगाउँमा ४८ लाख रुपैयाँको लागतमा कृषि सिँचाइ कुलो निर्माण सुरु भएको छ । लम्फेवा खोलाबाट पानी ल्याउने गरी २ हजार २ सय मिटर लम्बाइको कुलो निर्माण हुनेछ । जसमध्ये ९ सय ९२ मिटर पक्की ढलानको काम हुने वडा अध्यक्ष भूपाल योङहाङले जानकारी दिए । सो सिँचाइ कुलो निर्माण सम्पन्न भएपछि पाटीगाउँ र आसपासका ४० घुरधुरी किसान प्रत्यक्ष लाभान्वित हुनेछन् ।

लम्फेवा खोलाबाटै पानी ल्याउने गरी गजुरमुखी धाम आसपासका लागि ४५ लाख रुपैयाँको लागतमा अमले सिँचाइ कुलो निर्माण सुरु भएको छ । त्यहाँ दुई हजार मिटर लम्बाइको कुलो निर्माण हुनेछ । जसमध्ये ८ सय ५० मिटर पक्की ढलानको काम हुनेछ । सो सिँचाइ कुलो निर्माण सम्पन्न भएपछि गजुरमुखी धाम र आसपासका ३४ घुरधुरी किसान प्रत्यक्ष लाभान्वित हुनेछन् ।

त्यस्तै लम्फेवा खोलाबाटै पानी ल्याउने गरी दोभान क्षेत्रमा ५३ लाख रुपैयाँको लागतमा सातविसे सिँचाइ कुलो निर्माण



सुरु भएको छ । सो कुलो एक हजार मिटर लम्बाइको निर्माण हुनेछ । जसमध्ये १ हजार १ सय २० मिटर पक्की ढलानको काम हुनेछ । सो सिँचाइ कुलो निर्माण सम्पन्न भएपछि दोभान र आसपासका ३२ घुरधुरी किसान प्रत्यक्ष लाभान्वित हुनेछन् ।

यसैगरी वडा-१ र २ को सिमानामा पर्ने फेवा खोलाबाट पानी ल्याउने गरी तोभाङमा ६८ लाख रुपैयाँको लागतमा चउरीबोटे सिँचाइ कुलो निर्माण सुरु भएको छ । त्यहाँ तीन हजार मिटर लम्बाइको कुलो निर्माण हुनेछ । जसमध्ये १ हजार २ सय ७५ मिटर पक्की ढलानको काम हुनेछ । सो सिँचाइ कुलो निर्माण सम्पन्न भएपछि तोभाङ र आसपासका ३१ घुरधुरी किसान प्रत्यक्ष लाभान्वित हुनेछन् ।

कुलो निर्माणका लागि स्विस सरकारको ३० प्रतिशत, संघीय सरकार, प्रदेश सरकार र माङसेबुङ गाउँपालिकाको २०/२० प्रतिशत र स्थानीय उपभोक्ताहरूको १० प्रतिशत लागत साझेदारी रहेको छ । चार वटै कुलो चालु आर्थिक वर्षमा सम्पन्न गर्ने गरी निर्माण भइरहेको वडा अध्यक्ष योङहाङले बताए ।

'माङसेबुङ गाउँपालिकाको मुख्य मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रलाई प्रवर्द्धन गर्नका लागि सुरु भएको सिँचाइ कुलो निर्माणको कार्यलाई तीव्र बनाइएको छ', वडा अध्यक्ष योङहाङले भने, 'चार वटै कुलो चालु आर्थिक वर्षको असार मसान्तसम्म सम्पन्न गर्ने गरी अगाडि बढाएका छौं ।' सो कुलो निर्माण सम्पन्न भएपछि आयोजना क्षेत्रका १ सय ३७ घरधुरी किसानहरू प्रत्यक्ष लाभान्वित हुनेछन् ।

युवाहरूलाई स्वदेशमै रोजगारी उपलब्ध गराउन कृषि क्षेत्रमा आकर्षित गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र कृषि क्षेत्रको व्यावसायीकरणबाट आय आर्जन बढाउने उद्देश्यले स्विस सरकारको सहयोगमा साना सिँचाइ कार्यक्रम सञ्चालन भइरहेको छ ।

# जलवायु परिवर्तनले वर्षा र सुक्खा यामको दुरी बढ्दै



■ सौर्य समाचार

कञ्चनपुर । जिल्लामा यस वर्ष कात्तिक महिनामै हुस्सु लाग्यो । आँपमा पुस महिनामै फूल फुल्यो । आँपको फूलमा अघिल्ला वर्षका तुलनामा रोगकिराको समस्या अत्यधिक देखियो । यी सबै कार्य जलावायुमा परिवर्तनका कारण भएका जनाइएको छ । जिल्ला वन समन्वय समिति कञ्चनपुरका सहसचिव पुनाराम चौधरी प्राकृतिक सम्पदाको अत्यधिक दोहन, वन विनास, खेती प्रणालीमा गरिएको परिवर्तन, द्रुत सहरीकरणसँगै प्रदुषणको कारणले जलवायु परिवर्नन आएको बताउँछन् । 'जलवायु परिवर्तनले बाली चक्रको पात्रोमै परिवर्तन गरिदिँदा हुस्सु मंसिर महिनाको अन्तिम र माघ महिनामा लाग्दथ्यो', उनले भने, ' कात्तिक महिनामै हुस्सु लाग्न थालेको छ, आँपमा फागुन, चैत महिनामा फूल लाग्ने गरेकोमा पुस महिनामै फूल लाग्न थालेको छ ।'ढिलो गरी अत्यधिक वर्षा हुनु, हिउँदमा समयअघि नै चिसो बढनु, वन जंगल क्षेत्रमा मिचाहा प्रजातिका विरुवा प्रशस्त रूपमा देखिनु, पशुमा नयाँ रोग देखापर्नु जलवायु परिवर्तनको असर भएको उनले बताए । 'वर्षा र सुक्खा यामको दुरी बढ्दै गइरहेको छ', उनले भने, 'जसले गर्दा विगतको तुनलामा तापक्रम बढ्दो छ ।'

उनका अनुसार खेतबारीमा पहिला झारपातको धेरै समस्या हुने गरेको थिएन । हाल झारपातसँगै नयाँ रोग देखिन थालेका छन्, जति विषादीको प्रयोग गरे पनि रोग कीरा नियन्त्रण गर्न गाह्रो भएको छ । धानमा बाला नलाग्ने समस्या बल्झिँदै गएको छ । तापक्रम बढ्दै जाँदा बालीनालीको उत्पादन प्रभावित भएको उनको भनाइ छ । यस कार्यले खाद्यान्न संकटलाई निम्त्याउन सक्ने उनले उल्लेख गरे ।

'वर्षा हुने क्रममा आएको परिवर्तन चुनौतीका रूपमा रहेको छ', महाकाली सामुदायिक वनका अध्यक्ष वीरबहादुर राजवंशीले भने, 'वर्षातका दिन घट्दै जान थालेका छन्, औषत वर्षा कम हुने गरेको छ, एकैपटक धेरै वर्षा हुँदा बाढी, भूक्षय र डुबानको समस्या केही वर्षदेखि जटिल रूपमा देखिन थालेको छ ।' अप्रत्यासित रूपमा हुने वर्षाले बर्सेनि धनजनको क्षतिलाई बढाउँदै लगेको उनले बताए । वन क्षेत्रमा पहिला देखिने गरेका रैथाने प्रजातिका केही विरुवा अहिले देखा नपर्ने गरेको उनले बताए ।

उनका अनुसार वन क्षेत्रमा पहिला प्रशस्त रूपमा पाइने सानुन, विजयसाल लोपोन्मुख अवस्थामा पुगेको छ । हर्रो, बर्रो देखिनै छाडेको छ । वन क्षेत्रमा प्रशस्त रूपमा देखिने जनावर देखिन छाडेका छन् । वन्यजन्तुको वासस्थानमा फेदरबदल भएको छ । डिभिजन वन कार्यालय कञ्चनपुरका सूचना अधिकारी शिवराज अवस्थी तराईमा तापक्रममा वृद्धि हुँदै जादा जीवजन्तुले वासस्थान सार्न थालेको बताउँछन् ।

'उष्ण हावापानीमा पाइने जनावर अहिले चुरे क्षेत्र र महाभारत क्षेत्रमा पाइन थालेका छन्', उनले भने, 'पाटे बाघ महाभारत क्षेत्रमा देखिनु यसको उदाहरण हो ।' तराईमा पाइने बिरुवा अहिले चुरे क्षेत्रमाथि देखिन थालेको उनले बताए । जलवायुको असर कम गर्न वन क्षेत्र जोगाउने, प्रदुषण कम हुने किसिमका उद्योग धन्दालाई प्रोत्साहित गर्ने, वातावरणमैत्री ऊर्जा र सवारी साधनको प्रयोगमा जोड दिने, वनमा लाग्ने डढेलो कम गर्नका लागि प्रभावकारी कार्यक्रम ल्याउनुपर्ने उनले बताए ।

जिल्ला वन समन्वय समिति कञ्चनपुरका सहसचिव चौधरी पराल जलाउने कार्य रोक्ने, नदीजन्य पदार्थको व्यवस्थित रूपमा प्रयोग गर्ने, वैकल्पिक ऊर्जाको प्रयोगमा जोड दिने, दाउराको खपत कम गर्ने, प्लास्टिकजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गर्नसके वातावरणलाई सन्तुलित राख्न सकिने बताउँछन् । जमिनमुनीको पानीको सतह घट्दै गएको छ । हिउँदे वर्षा हुने क्रममा कमी आउन थालेको छ । जसले गर्दा प्राकृतिक स्रोतमा आश्रित समुदाय र सीमान्तकृत समुदायलाई यसले नराम्ररी असर गरेको छ । 'मानव स्वास्थ्यमा जलवायु परिवर्तनको अवसर देखिन थालेको छ', शुक्लाफाँटा नगरपालिका स्वास्थ्य शाखाका प्रमुख परमानन्द भट्टले भने, 'स्वास्थ्यको समस्या लिएर आउने बिरामीमा स्वासप्रश्वास, छाला, बेमौसमी ज्वरोका बिरामी रहने गरेका छन्, पहिलेको तुलनामा बिरामीको संख्या बढ्दो रूपमा रहेको छ, बढ्दो प्रदूषण, खानपानमा आएको परिवर्तनले बिरामी हुने क्रमलाई बढाएको छ ।' उनी जलवायु परिवर्तनलाई चुनौती मात्रै नभएर भविष्यमा आइपर्ने खतराका रूपमा औंल्याउछन् ।

# स्थानीय तहको ढिलाइले भूमि आयोगको काम प्रभावित

■ सौर्य समाचार

त्रिशूली । भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भइरहेको काम नुवाकोटमा लक्ष्यभन्दा निकै ढिला भएको छ ।

गत असार २७ गते राष्ट्रिय भूमि आयोग र यहाँका स्थानीय तहबीच भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन भएको आठ बुँदे प्रतिबद्धताअनुसार जग्गा वितरण सुरु भइसक्नुपर्ने थियो । तर, हालसम्म कार्यतालिकाअनुसार सुरुआती चरणको निवेदन संकलनको कामसमेत पूरा नभएको जिल्ला अध्यक्ष अजुर्नप्रसाद न्यौपानेले जानकारी दिए । स्थानीय तहसँग आयोगको केन्द्रीय कार्यालयबीच भएको सम्झौता र त्यसपछि गरिएको प्रतिबद्धताअनुसार वडातहबाट प्रारम्भिक चरणमा गर्नुपर्ने निवेदन संकलनको विवरणसमेत जिल्ला कार्यालयलाई प्राप्त हुन बाँकी छ ।

'भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई पालिकाले फरक-फरक समयमा ३५ दिने सूचना प्रकाशित गरेर संकलन गरेका थिए । निवेदनको छानबिनपश्चात् पालिका हुँदै जिल्लामा आइपुग्नुपर्नेमा लिखु गाँउपालिकाबाहेक अन्य पालिकाको प्राप्त हुनै बाँकी छ', उनले भने, 'वडा र पालिकाबाट अनुमोदन भएर आएको विवरणमाथि छानबिन गर्दै भूमिहीनलाई जग्गा उपलब्ध गराउने काम अघि बढाउन पालिकाले गर्ने सिफारिसको पर्खाइमा छौं ।'

आयोगको जिल्ला कार्यालयको अनुसार हालसम्म नुवाकोटका बाह्रमध्ये सात पालिकाबाट ५ हजार ४ सय ८९ परिवारको निवेदन संकलन भएको छ । ती निवेदनमाथि अहिले वडा र पालिकाले नै प्रविष्ट गरेर जाँचबुझ गरिरहेको जानकारीमा आएको आयोगको जिल्लास्थित कार्यालयका सदस्यसचिव तथा नापी कार्यालय नुवाकोटका प्रमुख सञ्जीवकुमार सिंहले जानकारी दिए ।

ककनीले १ हजार ८ सय ६३, सूर्यगढीले ४ सय ६१, किस्पाङले २ सय ६२, शिवपुरीले ९ सय ९१, म्यागङले १ सय ७०, तादीले १ सय ८१ र लिखु गाँउपालिकाले १ हजार ५ सय ६१ निवेदन वडातहमा दर्ता गरी कारबाही प्रक्रिया अघि बढाएका छन् । अन्य पाँच पालिकाको वडा तहले संकलन गरेको निवेदनको संख्यासमेत यकिन हुन बाँकी छ ।

गत असार २७ मा आयोगको केन्द्रीय अध्यक्ष केशव निरौला र जिल्लाका बाह्र वटै पालिकाको प्रमुखले कार्यतालिका निर्धारण गरेर भूमिहीनलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने सम्झौता भएको




थियो । उक्त सम्झौतालगत्तै बर्खायाम सुरु भएको, प्रतिनिधिसभा र प्रदेससभा सदस्य निर्वाचनको आचारसंहिता, चाडपर्व, जग्गाको वर्गीकरण गर्नुपर्ने बाध्यतालगायत कारण देखाई वडा र पालिकाले तोकिएको समयभित्र काम पूरा गर्न नसकेको जानकारी गराएको सदस्य सचिव सिंह बताउँछन् ।

# नेपालगञ्जमा सार्वजनिक शौचालयको समस्या




■ सौर्य समाचार

नेपालगञ्ज । पश्चिम नेपालको प्रमुख व्यापारिक केन्द्रको रूपमा नेपालगञ्जमा सार्वजनिक शौचालयको समस्या खड्किएको छ । यहाँ स्वास्थ्य, शिक्षा र उद्योग व्यापारका लागि सेवा लिनेको दैनिक अत्यधिक भिड हुन्छ । तर शौच गर्न भने असुविधा छ । छिमेकी मुलुक भारतसँग सीमा जोडिएको बाँकेमा दुई देशका नागरिकको आवतजावत अत्यधिक हुने गर्दछ । तर भिडभाड हुने बजारका विभिन्न चोक तथा सार्वजनिक स्थानमा सार्वजनिक शौचालय नहुँदा सबैले सास्ती खेप्दै आएका छन् । हाल भएका सार्वजनिक शौचालय प्रयोगविहीन अवस्थामा छन् ।

नेपालगञ्ज धम्बोझी चोक नजिकै कृषि विकास बैंकको छेउमा सार्वजनिक शौचालय देखेर बाँकेको डुडुवा गाउँपलिका-४ का भोला गुप्ताले रिक्सा रोके । तर शौचालय बन्द देखेपछि उनी फर्किए । अरू पनि यसैगरी आउने र फर्किने गरेका स्थानीय वासुदेव पन्तले बताए ।

स्वचालित शौचालयमा आफैँ सफा हुने प्रविधि जडान गरिएको छ । बिजुली नभए पनि सोलारबाट चल्ने र प्रविधिमा समस्या आए व्यक्ति आफैँले सफाइ गर्न सक्थे । महिला र पुरुष गरी आठ कोठाको शौचालय सञ्चालनको ६ महिना नपुग्दै अस्तव्यस्त बनेको छ । सार्वजनिक शौचालय नहुँदा खाजा नास्ताको बहानामा होटेल रेस्टुराँ धाउनुपर्ने बाध्यता रहेको नेपालगञ्ज आएका दाङका कुमार डिसी बताउँछन् । धम्बोझी चोकमा करिब तीन वर्षअघि सञ्चालनमा आएको स्वचालित शौचालय केही समयमै प्रयोगविहीन भएको छ । 'लामो समयदेखि शौचालय प्रयोगविहीन भएर थन्किएको छ', नेपालगञ्ज उमहानगरपालिकाका वातावरण विभागका इन्जिनियर प्रकाश डिसीले भने, 'शौचालयलाई कसरी सञ्चालनमा ल्याउने भन्ने विषयमा छलफल चलिरहेको छ ।'स्वचालित शौचालयमा समयसमयमा समस्या आउने गरेको छ । समस्या समाधानका लागि दक्ष प्राविधिकको अभाव छ । त्यसैले शौचालय बन्द भएको उपमहानगरपालिकाले जनाएको छ । नेपालगञ्ज उपमहानगरपालिकाले एसियाली विकास बैंक (एडिबी)को सहयोगमा ५९ लाखमा चार घुम्ती शौचालय ०७५ सालमा ल्याएको हो । नेपालगञ्जका मुख्य चोक तथा बजार साँघुरिएकाले स्थान अभावका कारण घुम्ती शौचालयको व्यवस्थापन गर्न सकिएको छैन । उनले भने, 'हामीले नगरका विभिन्न स्थानमा घुम्ती शौचालय राख्यो, त्यसपछि स्थानीयद्वारा नै विरोध भएपछि त्यसलाई अहिले थन्काएका छौं, मुख्य समस्या अहिले स्थानको छ ।'

नेपालगञ्ज बजारमा भेरी अस्पताल, जिल्ला सहकारी संघ, नगरभवन, रानीतलाउ तरकारी मण्डी, महेन्द्रपार्क, बागेश्वरी मन्दिर लगायतका ठाउँमा गरी करिब एक दर्जन बढी सार्वजनिक शौचालय रहेका छन् तर तीमध्ये अधिकांश शौचालय व्यवस्थापनको अभावमा प्रयोगविहीन छन् । नेपालगञ्जको मुख्य चोक सुर्खेतरोड र घरबारीटोल तथा खजुरारोड आसपासका व्यवसायी तथा यात्रु र बटुवाको सहजताका लागि सार्वजनिक शौचालय निर्माण गरिए पनि प्रयोगविहीन भएपछि नागरिकलाई शौचका लागि समस्या हुने गरेको छ ।

# केपिलासगढी र टेम्के मैयुङ सडक सञ्जालमा जोडियो

■ सौर्य समाचार

खोटाङ । जिल्लाको केपिलासगढी गाउँपालिका र भोजपुरको टेम्के मैयुङ गाउँपालिका जोड्ने (४५ किलोमिटर) सडक सञ्चालनमा आएको छ । केपिलासगढी-१ फेदी र टेम्के मैयुङ-१ तिम्मा जोड्ने छोटो दुरीको फेदी-धोद्रे-भोजपुर सडक हालै सञ्चालनमा ल्याइएको हो ।

जिल्लाको उत्तरी क्षेत्रका स्थानीय बासिन्दाको प्रमुख व्यापारिक केन्द्र बाक्सिला बजार हुँदै भोजपुरबाट पूर्वी सहर आवतजावत गर्ने छोटो दुरीको सडक सञ्चालनमा आएसँगै स्थानीय बासिन्दा हर्षित बनेका छन् । तराईका जिल्ला आवातजावत गर्दा दुई वटा गाडी परिवर्तन गर्दै आएका स्थानीय बासिन्दा छोटो समयमा नै एउटै गाडीमार्फत तराईका विभिन्न जिल्ला पुग्न पाएपछि हर्षित भएका हुन् ।

फेदीबाट धोद्रे हुँदै भोजपुरबाट पूर्वी तराईका विभिन्न जोड्ने छोटो दुरीको सडक प्रदेश सरकार र केपिलासगढी गाउँपालिकाको लगानीमा



निर्माण गरिएको गाउँपालिका उपप्रमुख गुरुराज राईले बताए । 'फेदीबाट भोजपुर जोड्ने सडक सञ्जाल विस्तार भएपछि केपिलासगढी गाउँपालिकाका स्थानीय बासिन्दालाई पूर्वी तराई झर्न दिक्तेल-हलेसी सडकभन्दा छिटो र छोटो दुरी भएको छ', उनले भने, 'यो सडकले अन्तर जिल्ला व्यापार, व्यवसायमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।'

फेदीबाट लामो चौरसम्मको सडक निर्माण गर्न गत वर्ष प्रदेश सरकारको ३२ लाख तथा केपिलासगढी गाउँपालिकाको आठ लाख खर्च गरिएको थियो । लामो चौरसम्मको २६ किलोमिटर लामो सडकखण्डको बाँकी डेढ किलोमिटर खण्ड यस वर्ष गाउँपालिकाको तर्फबाट १० लाख ५० हजार बजेट खर्च गरेर निर्माण पूरा गरेपछि सञ्चालनमा ल्याइएको गाउँपालिका प्रमुख राईले जानकारी दिए । भर्खरै सञ्चालनमा ल्याइएको सडकमार्फत झण्डै दुई घण्टामा भोजपुर पुग्न सकिने वातावरण बनेको वडा-१ फेदीका वडाध्यक्ष नीर कुमार राईले बताए । अन्तर जिल्ला जोड्ने सडक गत सोमबार गाउँपालिका प्रमुख समिर राई र उपप्रमुख गुरुराजले संयुक्त रूपमा रिबन काटेर उद्घाटन गरेका हुन् । प्रदेश सरकारको क्रमागत योजनाअन्तर्गत पर्ने उक्त सडक स्तरोन्नतिका लागि यसवर्ष प्रदेशले ५० लाख बजेट विनियोजन गरेको छ । गाउँपालिकासँगको साझेदारीमा निर्माण गर्नुपर्ने उक्त सडकखण्डको फेदीस्थित ढुग्रीखोलादेखि शुक्रबारेसम्म ढलान गर्ने गरी टेन्डर (बोलपत्र आह्वान) गरिएको जनाइएको छ । प्रदेश सरकारको साझेदारीमा निर्माण सुरु गरिएको उक्त सडकमा गाउँपालिकाले यस वर्ष १० लाख थप गर्नुपर्ने व्यवस्था छ । यस वर्ष स्तरोन्नतिका काम हुने उक्त सडकखण्डलाई चाँडै कालोपत्रका लागि प्रक्रिया थालिने गाउँपालिका उपप्रमुख राईले बताएका छन् ।

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# कोशी प्रदेशको नामकरण विवाद

करिब साढे पाँच वर्षको रस्साकस्सीपछि बुधबार प्रदेश–१ ले आफ्नो नाम पाएको छ । प्रदेशसभाका करिब ९० प्रतिशत सदस्यहरूको सहमतिमा कोशी प्रदेश नामकरण गरिएको छ । नेपालको संविधान (२०७२) मा प्रदेश–१ भनेर अन्तरिम नाम पाएको यो क्षेत्र प्रायः सबै सूचकांकमा नेपालको पहिलो नम्बर हो । नेपालमा सूर्योदय यही क्षेत्रबाट हुन्छ । केही अपवादबाहेक प्रजातान्त्रिक तथा लोकतान्त्रिक नेपालको नेतृत्व यही क्षेत्रका नेता तथा प्रशासकहरूले गर्दै आएका छन् । तर नामकरणको प्रश्नमा भने यो प्रदेश सबैभन्दा पछि पऱ्यो । त्यति मात्रै होइन यस प्रदेशको नामकरण सबैभन्दा विवादित बन्यो । संसद्मा नामकरणबारे निर्णायक बहस हुँदै गर्दा राजधानी विराटनगरमा कर्फ्यु लगाउनुपर्ने अवस्था बन्यो । जनप्रतिनिधिहरूले कोशी प्रदेशका पक्षमा उभिँदा मतदाताहरू विरोधमा सडकमा उत्रे । यतिबेला कोशी प्रदेश आन्दोलित छ । अरू प्रदेशको नामकरणमा खासै विवाद उत्पन्न नहुनु, तर प्रदेश–१ को नामकरणमा विवाद उत्पन्न हुनु अर्थपूर्ण छ । अन्य ६ वटा प्रदेशको तुलनामा सचेत नागरिक बसोबास गर्ने प्रदेश–१ मा नामकरणको विवाद उत्पन्न हुनुको मुख्य कारण भनेकै भौगोलिक सिमांकन हो । दुई वटा ऐतिहासिक सभ्यता भएको क्षेत्रलाई जोडेर प्रदेश–१ को संरचना गरिएको छ । यस प्रदेश अन्तर्गतका पहाडी क्षेत्रको किराँत सभ्यता र तराई क्षेत्रको विराट सभ्यता महाभारतकालीन नै हुन् । तर जनसंख्याका आधारमा निर्वाचन क्षेत्र तय गरिँदा तराई क्षेत्रका जनप्रतिनिधिहरूको बाहुल्यता भयो । त्यसैले दुवै सभ्यतालाई समेट्ने साझा नाम कोशी प्रदेश भनेर राख्नेबाहेक अर्को विकल्प ९० प्रतिशत जनप्रतिनिधिहरूले देखेनन् ।

नामकरणका सन्दर्भमा उत्पन्न विवाद समाधान गर्न नसकेकै कारण नेपालको संविधान (२०७२) मा यसको टुंगो संबन्धित प्रदेशसभाको दुईतिहाइ बहुमतले लगाउने प्रावधान राखिएको हो । त्यतिबेला सबै प्रदेशमा यो विवाद उत्पन्न भएको थियो । यो विवादको मुख्य सर्जक माओवादी नै थियो । माओवादीले ‘जनयुद्ध’ कालमै निश्चित जाति तथा समुदायका नाममा राज्य बाँढ्न थाल्यो । तर, संविधान निर्माण गर्दा निश्चित जाति तथा समुदायको बाहुल्यता हुने गरी प्रदेशको संरचना संभव भएन । सातै वटा प्रदेशहरू सबै जाति, भाषी तथा समुदायका साझा फूलबारीजस्ता बने । प्रदेश–१ को सन्दर्भमा माओवादीले खसान, मगरात, तमुवान, नेवा भनेजस्तो किराँत होइन । तर किराँत भनेको पनि कुनै जाति या समुदायको नाम हो भन्ने सन्देश गयो । जसका कारण विवाद उत्पन्न भयो ।

भौगोलिक क्षेत्रको नाम तथा पहिचान यसै पनि स्थायी कुरा होइन, त्यसमा पनि संसद्को दुईतिहाइ बहुमतले परिवर्तन गर्ने प्रावधान संविधानमा छँदै छ । त्यसैले यो विवादलाई धेरै गिजोल्नु झन् घातक हुन्छ । किराँत शब्द पछिल्ला केही शताव्दीदेखि कोशी क्षेत्रका आदीवासीहरूको जातका रूपमा आएको कुरा सत्य हो । पछिल्ला शताव्दीमा किराँत भनेर केवल राई, लिम्बुहरूको मात्रै पहिचान बन्ने गरेको छ । विवादको जरो यहींनिर हो । किराँत नामकरणको अभियान अन्य समुदायबाट सुरु गरिएको भए विवाद आउने थिएन । उदाहरणका लागि काभ्रे जिल्लाको बेथानचोक गाउँ पालिकाको एउटा क्षेत्र कामीडाँडाको नाममा प्रख्यात छ । तर, त्यहाँ करिब ९० प्रतिशत अन्य जातजातिहरू छन् । लमजुङ जिल्लाको मध्यभागमा करिब १० हजार जनसंख्या बस्ने दुराडाँडा नाम गरेको एउटा क्षेत्र छ । दुराजातिको जनसंख्या मुस्किलले एक हजार होला । तर, त्यस क्षेत्रका अन्यजातिहरू पनि आफूलाई दुराडाँडावासी भन्नुमा गौरव गर्छन् । त्यसैगरी लमजुङकै उत्तरी भेगमा बाहुनडाँडा नाम गरेको एउटा क्षेत्र छ, त्यहाँ ९० प्रतिशत गुरुङ जातिको बसोवास छ । तर गुरुङ जाति आफूलाई बाहुनडाँडावासीका रूपमा गर्व गर्छन् । टाढा किन जानु ? राजधानी काठमाडौं उपत्यका नजिकै बूढानीलकण्ठको मूल सडकमा देउवा चोक नाम गरेको ठाउँ छ । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा त्यस ठाउँमा बस्न थालेपछि स्थानीय बासिन्दाले स्वःस्फुर्त रूपमा देउवा चोक भन्न थाले । यदि देउवाले मेरो नाममा यो ठाउँको नाम राख्नुपर्छ भनेर दबाब दिएको भए स्थानीय जनताले लखेट्थे होलान् । प्रदेश–१ को नामकरणमा असन्तुष्टि जनाउनेहरूको अबको दायित्व भनेको भौतिक आन्दोलन होइन, किराँत शब्दको अर्थ र महत्वबारे बुझाउने आन्दोलन हो । यो मामिलामा उनीहरू साढे पाँच वर्षसम्म चुकेको देखियो ।

# विश्वमा साम्राज्यवाद र कृषि संकटको परस्पर सम्बन्ध



लोकनारायण सुबेदी

> खेती किसानीप्रतिको नीतिमा नवउदारवादअन्तर्गत आएको परिवर्तनको एउटा कारण ठूलो पुँजीको के आम आकांक्षा हुन्छ भने लघु उत्पादन तथा खेती किसानीलाई पनि हड्पिने । यसकासाथै यसमा साम्राज्यवादको ती दुबै लक्ष साध्ने इच्छा पनि छ, त्यो इच्छा हो किसानहरूलाई प्रामाणिक माल उत्पादनको दायरामा तान्नु र अर्थव्यवस्थामा माग संकुचन थोपर्नु जसले गर्दा पुँजीको महानगरीय केन्द्रहरूका लागि पर्याप्त आपूर्तिहरू उपलब्ध हुन सकोस्

औपनिवेशिक कालखण्डमा हरहमेसा कृषि संकट कायम रहिरहन्थ्यो । त्यसको सबैभन्दा भयानक अभिव्यक्ति बेलाबेलामा आइरहने अनिकालको रूपमा देखा पर्ने गर्दथ्यो । छिमेकी भारतकै कुरा गर्ने हो भने पनि इस्ट इन्डिया कम्पनीले मुगल बादशाह, शाह आलमसँग बंगालमा राजस्व असुली गर्ने अधिकार हासिल गरेको थियो । त्यसो गरेको पाँच वर्षभित्रतिर नै १७७० मा भारतको बंगालमा जनसाधारणले अपूर्व र ठूलो अनिकाल झेल्नुपरेको थियो ।

सम्भवत: विश्वकै इतिहासमा सबैभन्दा भयंकर अनिकाल थियो त्यो । इस्ट इन्डिया कम्पनीका अधिकारीहरूका अनुसार बंगालको त्यस बेलाका तीन करोड जनसंख्यामध्ये एक करोड मानिसको त्यही अनिकालबाट ज्यान गएको थियो । यसरी भारतमा औपनिवेशिक दासताको सुरुआतसँगै भएको अनिकालको अन्त्य पनि १९४३-४४ मा आएको अर्को ठूलो अनिकालसँगै अन्त्य भएको थियो । त्यस अनिकालमा पनि भारतको बंगलामा कम्तिमा ३० लाख मानिसहरू काल कलवित भएका तथ्य प्रकाशित छ । यसरी साम्राज्यवादको अतिक्रमण र अन्त्य दुबै बेलामा भारतमा असंख्य मानिसरुको अकाल मृत्यु भएको इतिहास साक्षी छ ।

बृटिस राजको आरम्भ र अन्त्यमा भारतमा जुन अनिकाल परेको थियो त्यो हचुवा तरिकाले हतारहतारमा जनतामाथि थोपरिएको करको परिणाम थियो । भारतमा बृटिस राजको अन्तिम वर्षमा पनि जुन अनिकाल परेको थियो त्यो पनि त्यस्तै हचुवा किसिमले जथाभावी किसानमाथि थोपरिएको करकै कारण थियो । मित्र राष्ट्रहरूले दक्षिण एसियामा दोस्रो विश्व युद्धका बेला गरेको खर्चको स्रोत र वित्त पोषण त्यस्तै लादिएको कर नै हुने गर्दथ्यो भने त्यसमाथि मुद्रास्फिति र अतिरिक्त असुली पनि गर्ने गरिन्थ्यो । त्यो असमान्यरूपले निकै बढी घाटा लाग्ने वित्त व्यवस्थाको कारणले पैदा हुने गर्दथ्यो । त्यो बेलाको अनिकालको सिकार मूख्यत: ग्रामीण जनसंख्या हुन्थ्यो र त्यसमा कृषि उत्पादन गर्ने किसान र खेत मजदुर सबैभन्दा बढी पीडित हुन्थे । यो अनिकालका अतिरिक्त पनि औपनिवेशिक राजमा किसानहरूमाथि ऋणको बोझ चर्को थियो, उनीहरू त्यसको पासोमा पर्ने, कंगाल हुने कुरा त त्यसयता पनि औपनिवेशिक देशहरूमा अहिलेसम्म हुँदै आएकै कुरा प्रष्ट देखिन्छ ।

औपनिवेशिक शासनहरूको यस्तो किसिमको लुटपाट गर्ने कुरा केवल उनीहरूको यसो गर्ने इच्छाको विषय थिएन । यो त औद्योगिक दुनियामा पुँजीवादको विकाससँगसँगै जोडिएको परिघटनाको मामिला थियो । औद्योगिक संसारमा पुँजीवादलाई यस्ता विभिन्न कच्चा पदार्थहरूको आवश्यकता पर्दथ्यो जसमा मूलत: कच्चा माल र खाद्यान्न सामेल थिए । तिनको अभावमा उपनिवेशी शासकहरूको कामै चल्न सक्तैनथ्यो । अनि अर्कोतिर त्यस्ता कच्चा पदार्थहरू तिनको सीमाभित्र उब्जनी हुँदैनथे या पर्याप्त मात्रामा पूरै सालभरी काम चल्ने गरी प्राप्त हुँदैनथे । यस्ता कुराको पक्षमा तेल इन्धनका विषयमा त निकै नै चर्चा हुने गर्दै आएको छ जुन विश्वका ज्ञात स्रोतहरूमा केबल ११ प्रतिशत नै मात्र ती धेरै ठण्डा क्षेत्रमा पर्दछन्, जसलाई पुँजीको आफ्नो घर भन्न सकिन्छ । तर विभिन्न कृषि उत्पादनको विषयमा बाँकी विश्वमा र खासगरी गर्मी तथा समशीतोष्ण क्षेत्रहरूमा पुँजीवादी महानगरहरूको यस्तो निर्भरतालाई प्राय: बेवास्ता गर्ने गरिएको पाइन्छ ।

उदाहरणै दिने हो भने पुँजीवादले १८औं शताब्दीको उत्तरार्द्ध तथा १९औं शताब्दीको पूर्वार्द्धमा औद्योगिक क्रान्तिको माध्यमले आफ्नो आधार र सुँढ घुसार्ने ठाउँ पाएको थियो । अनि त्यस प्रक्रियामा केन्द्रमा जुन उद्योगहरू थिए त्यो सुती कपडा उद्योग थियो । तर जुन बृटेनमा पहिलो औद्योगिक क्रान्ति भएको थियो त्यहाँ कपडाका लागि कपास त उत्पादन हुँदैनथ्यो । त्यसैले उसले गर्मी र समशीतोष्ण क्षेत्रहरूबाट आयातको माध्यमले कच्चा पदार्थ पैठारीमाथि निर्भर रहनुपरेको थियो । कच्चा पदार्थ उत्पादन गर्न सक्ने देशहरूमा माल उत्पादन व्यवस्था अर्थात सही अर्थमा माल उत्पादनको व्यवस्था यस्तो खडा गरिनुपर्ने आवश्यकता थियो जसमा उत्पादनको निर्णय केवल र केवल मागको बजारको संकेतका आधारमा लिइने र परिवार र स्थानीय समुदाय या देशको स्तरमा खाद्य उत्पादनमा आत्मनिर्भरताको चिन्ताको यसमा कुनै असर या दखल नरहोस् । अनि अर्को कुरा के थियो भने यदि पुँजीवादी महानगरहरूका लागि यस्ता मालहरूको पर्याप्त आपूर्ति सुनिश्चित गरिनुपर्ने थियो र त्यस्ता मालहरू उत्पादन गर्नमा समर्थ क्षेत्रहरूमा उपलब्ध खेतीका लागि जमिनमा पैदा गरिने अन्य उत्पादनहरूको माग सीमित हुने कुरा पनि निश्चित थियो ।

### करारोपणको दोहोरो भूमिका

औपनिवेशिक करारोपण व्यवस्थाले महानगरीय पुँजीका यी उल्लेख गरिएका दुबै लक्ष्यहरूलाई पूरा गर्ने गर्दथ्यो । भारतमा मुगल शासनमा लगानको असुली पैदावारको एउटा अंशको रूपमा पूरा गर्ने गरिन्थ्यो, त्यसपछिको औपनिवेशिक कालमा लगान नगद लिने व्यवस्था गरियो । यसका अतिरिक्त लगान उठाउने समय सीमा पनि निकै कठोर बनाइयो । त्यसको परिणाम के भयो भने किसानहरूले लगान बुझाउनका लागि व्यापारीहरूबाट ऋण लिनुपर्ने भयो । अनि ती व्यापारीहरूले त्यस्तो ऋण दिन के सर्त लगाउने गर्दथे भने किसानहरूले ती व्यापारीहरूको माग अनुसारको कृषि उत्पादन गर्नु पर्दथ्यो र त्यो पहिले निर्धारण गरिसकेको मूल्यमा बेच्नुपर्दथ्यो । यसरी किसानको खेतीपातीमा माल उत्पादन सोझै नभएर परिवर्तित तरिकाले आयो । किनकि सम्बन्धित व्यापारी स्वयं बजारका संकेतहरूको हिसाबले निर्णय लिने गर्दथे । यसको साथसाथै किसानमाथि करहरूको ठूलो बोझ लादिदिने गर्नाले अर्कातिर महानगरीय पुँजीवादी केन्द्रहरूबाट यन्त्र निर्मित मालहरूको आयातका कारण भारतमा भइरहेको निरोद्योगिकरणका कारणले समेत श्रमजीवी जनताको आमदानी घट्न गयो र यसरी उनीहरूमाथि मागको संकुचनको पनि बोझ थोपरियो । फलतः पुँजीका महानगरहरूमा जुन मालहरूको आवश्यकता थियो तिनका लागि ठाउँ खाली गराइयो । यसरी औपनिवेशिक कर प्रणालीबाट साम्राज्यवादका दुइटा उक्त दुइटा लक्ष्य पूरा गरियो । साम्राज्यवादका लागि यसको अतिरिक्त फाइदा अर्को थियो ‘पुँजीका महानगरहरूका लागि ती मालहरूलाई त्यसले धेरै हदसम्म सित्तैमा नै हासिल गर्न सक्दथ्यो ।’

उपनिवेशवादको अन्त्यकासाथ त्यो व्यवस्था पनि समाप्त भयो । त्यसमाथिबाट स्वतन्त्र भारतमा अर्थव्यवस्थाको स्तरमा जुन नियन्त्रणात्मक शासन कायम गरियो जुन उपनिवेशको पहिचान बनिरहेको थियो । निःसन्देह त्यतिबेला पनि भूमिमाथिको केन्द्रीकरण कायम रहेको थियो । सामन्तशाही पनि कायम थियो, धेरैजसो जमिन्दारहरूले त स्वयं आफूलाई ‘प्रसियन जुंकर’ जस्तै पुँजीवादी जमिन्दारमा परिणत गरेका थिए । यसरी किसान श्रमजीवी जनताको शोषण कायम रहिरह्यो । फेरि पनि अब कृषि संकट, चाहे सत्यानाशी अनिकालको कुरा होस्, या ऋणको कमर भाँच्ने बोझ होस्, या सहरहरूतिर धेरै ठूलो पलायन भएकाहरूमा ठूलो संख्याले आत्महत्याको कुरा गरेको होस्, त्यस्तो किसानको खेतीको पहिचान रहेन जस्तो औपनिवेशिक कालखण्डमा हुने गर्दथ्यो ।

### नव उदारवादी कालखण्डमा फर्किएको कृषि संकट

तर अब नवउदारवादी नीतिहरू अपनाइए पछि कुराहरू बदलिए । अन्ततः ती नीतिहरूको उदेश्य भारतीय अर्थ ब्यबस्थालाई त्यस विश्व वित्तीय पुँजीको वर्चश्वमा अधिनमा ल्याउनु नै त थियो, जोसँग ठूला भारतीय पुँजीपति वर्ग घनिष्ठ किसिमले जोडिएको थियो । यसरी अर्थव्यवस्थामा पुँजीको महानगरीय वर्चश्व पुनः फर्कियो, यद्यपि अब त्यो बोलवालालाई घरेलु ठूला पुँजीपतिहरूको साँठगाँठमा चलाइँदै छ । अनि यसकासाथै कृषि संकट पनि फर्कियो तर अहिलेको यसको रूप पहिलाको जस्तो अर्थात अनिकालको बेलाको जस्तो छैन । यसपटक त्यसको रूपमा किसानको बढ्दो कंगालीकरणको किसिमको, ऋणको असैह्य बोझका कारण किसानको सामुहिक अर्थात थोक आत्महत्या गर्ने र रोजगारीको खोजीमा, जुन अत्यन्तै थोरै र जतिबेला पनि हासिल हुन्छन्, गाउँबाट सहरतिर बढ्दो पलायनको रूपमा देखियो । अनि यी सबै गतिविधिको परिणाम भारतीय कृषिको लाभकर्तामा स्खलन भयो । यो स्खलन यत्तिका धेरै थियो कि जसले खेती किसानीलाई धेरथोररूपमा अबहनीय अर्थात धान्न नसकिकने तुल्याइदियो । अनि त्यसमाथि अझ किसान जनताको आमदानीलाई निचोरिँदै लगेको छ । शिक्षा, स्वास्थ्यजस्ता अत्यावश्यक सेवाहरूको निजीकरणको माध्यमबाट ती सेवासम्मको किसानको पहुँच अझ महँगो बनाएर गरियो ।

खेती किसानीप्रतिको नीतिमा नवउदारवादअन्तर्गत आएको परिवर्तनको एउटा कारण ठूलो पुँजीको के आमआकांक्षा हुन्छ भने लघु उत्पादन तथा खेती किसानीलाई पनि हड्पिने । यसकासाथै यसमा साम्राज्यवादको ती दुबै लक्ष्य साध्ने इच्छा पनि छ, त्यो इच्छा हो किसानहरूलाई प्रामाणिक माल उत्पादनको दायरामा तान्नु र अर्थव्यवस्थामा माग संकुचन थोपर्नु जसले गर्दा पुँजीको महानगरीय केन्द्रहरूका लागि पर्याप्त आपूर्तिहरू उपलब्ध हुन सकोस् । अन्तर्राष्ट्रिय मुद्राकोषको कार्यक्रमको माध्यमबाट थोपरिँदै आएको राजकोषीय कमखर्च तथा कठोर मुद्रा नीतिका कदमहरूबाट अब यसरी माग संकुचन लागू गराइँदै छ । निश्चय नै अब औपनिवेशिक कालकै जस्तो महानगरीय पुँजीलाई आफ्ना आवश्यकताका गर्मी तथा समशीतोष्ण इलाकाका उत्पादन, सित्तैमा त मिल्न सकिरहेका छैनन् (यद्यपि एउटा सीमित स्तरमा यस प्रकारको सित्तैको असुलीको एउटा तत्व त निरुपनिवेशीकरणपछि पनि कायम रहेको छ जुन अब असमान विनिमय, पेटेन्टहरूका लागि भुक्तानी तथा यस्तै प्रकारमा अन्य माध्यमहरूबाट असुलीका रूपमा काम गर्दछन्), तथापि यो व्यवस्थाले यति त पक्कै गर्दछ कि पुँजीका महानगरहरूका लागि पर्याप्त मात्रामा ती आपूर्तिहरू उपलब्ध पनि हुन् र यस किसिमले उपलब्ध हुन् कि जसले गर्दा न त विकसित पुँजीवादी दुनियाँमा कुनै मुद्रास्फिति उत्पन्न होस् न किनारामा पारिएका देशहरूमा ।

### वास्तविक निहितार्थ

यो यसको उद्देश्य नै हो कि खाद्यान्नमा आत्मनिर्भरता जस्ता सबै आग्रहरूलाई त्यागिदिनु पर्दछ, भलै यो आत्मनिर्भरता पनि जनताको आय तथा क्रय शक्तिको बहुतै तल्लो स्तरको सन्दर्भमा नै हासिल गरिएको किन न होस् । औपनिवेशिक कालखण्ड पछिको एउटा महत्वपूर्ण परिवर्तन के भएको छ भने विकसित देश खाद्यान्न मामिलामा आफ्ना आवश्यकताभन्दा बढी फल्टु उत्पादन गर्ने देश बन्न पुगे । अनि तिनको नजरबाट यसै कारणले यो अरू बढी आवश्यक हुन गयो कि भारतजस्तो किनारामा परेको देशले खाद्यान्नको मामिलामा आत्मनिर्भरताको आग्रह छोडिदेओस् । स्मरण रहोस् कि नगदे बालीनालीको विषयमा भारतले पहिला नै सरकारी मूल्य समर्थनको व्यवस्थालाई त्यागिनै दिएको छ । फेरि पनि खाद्यान्न मामिलामा बिश्व ब्यापार संगठनका सारा दबाबहरू भइरहँदा पनि समर्थन तथा खरिद मूल्यको व्यवस्था र सार्वजनिक वितरण प्रणालीको आवश्यकता पूरा गर्नका लागि सरकारी खरिद संयन्त्र अहिले पनि कायम रहेको छ । किनभने कुनै पनि सरकारको हिम्मत बनिरहेको छैन कि त्यस्ता दबाबको अगाडि झुकेर ती व्यवस्थालाई समाप्त पारिदिन सकुन् ।

तैपनि भारतको अहिलेको हिन्दूवादी भनिने गरेको मोदी सरकारले सोचेको थियो होला कि हिन्दू साम्प्रदायिकताप्रति ध्यान भड्काउने र कोरोना महामारीको फाइदा उठाउने गरेर विकसित पुँजीवादी देशहरूको उक्त एजेन्डालाई पूरा गर्न सक्नेछ । उसले अघि सारेको तीन काला कृषि कानुनहरूको उद्देश्य नै त्यही थियो । तीन कानुनको उद्देश्य थियो - खाद्यान्नको मामिलामा पनि समर्थन मूल्यलाई समाप्त पार्नु र खेतीपातीको बित्तीयपुँजीकरणको बाटो तयार गर्नु । यी सबै कुरा किसानको स्थितिलाई राम्रो तुल्याउने नाममा गरिँदै थियो । तर त्यहाँका किसानको शक्तिशाली र दृढ संघर्षले त्यो योजना हाललाई विफल बनाइदिएको छ ।

### किसान जनतालाई बचाउन आवश्यक

अहिले त्यस मामिलामा भारत सरकारको पाउ पछाडि सार्नु पनि जल्दिबाजीमा पछि हट्नु नै हो । भारतको मोदी सरकार नवउदारवादका लागि र यसकारण खाद्यान्नको बजारलगायत सम्पूर्ण बजारको सरकारी हस्तक्षेपलाई समाप्त पार्ने एजेन्डामा कटिबद्ध छ, जतिबेला पनि अनुकूल हुन्छ उसले पुनः ती कदमहरू अघि बढाइहाल्ने कोशिस गर्नेछ ।

यसरी कथित राष्ट्रवादका ठुल्ठूला कुराको आडमा यसले साम्राज्यवादका मागहरूको सामुमा लम्पसार पर्ने र साम्राज्यवादी आदेशहरूको तामेली गर्नै पर्ने हुन्छ । तर, त्यसप्रकारका कदमहरूलाई यदि लागू गर्न खोजियो भने त्यसले केवल भारतमा खाद्यान्न उत्पादन घटाउने मात्रै होइन यसको अर्थ सार्वजनिक वितरण प्रणालीलाई समेट्ने पनि हुनेछ । किनभने कुनै पनि सार्थक सार्वजनिक वितरण प्रणाली आयातित खाद्यान्नको भरोसामा चलाउन सकिने हुँदैन । भारतका लागि यी सबै कुराको के अर्थ हुन्छ यसलाई अफ्रिकाको उदाहरणबाट बुझ्न सकिन्छ । अफ्रिकामा खाद्यान्न आत्मनिर्भरतालाई त्याग गर्दा के परिणाम आयो भने त्यहाँका विभिन्न देशहरू खाद्यान्न आयातमा निर्भर हुन पुगे र अकालको खतराको घेरामा परे । कतिसम्म भने अब युक्रेन युद्धका कारणले पनि अफ्रिकी देशहरूमा अनिकालको खतरा पैदा भइसकेको छ । किनभने त्यस युद्धले विश्व खाद्यान्न आपूर्ति शृंखलामा खलल पुऱ्याएको छ ।

# पूर्वराजा शाहको दोस्रो रूप अर्थात प्रचण्ड



अनुषा थापा

नेपाल सरकारका कतिपय निर्णयहरू मन्त्रिस्तरीय हुन्छन् । आफूले निर्णय गर्न नसक्ने प्रस्ताव भने मन्त्रीहरूले क्याबिनेटमा लैजान्छन् । मन्त्रालयबाट गएका प्रस्ताव मुख्यसचिवले लाइनमा राख्छन् । कुनैको पालो छिट्टै आउँछ कुनै एक वर्षसम्म लाग्छ । प्रस्ताव पारित गर्ने कि फिर्ता गर्ने भनेर निर्णय गर्न एक महिनादेखि वर्ष दिनसम्म लाग्ने गरेको छ । अहिले सातामा दुई दिन मात्र मन्त्रिपरिषद्को बैठक बस्छ । प्रधानमन्त्री वा मन्त्रीलाई झ्याइनझ्याई भयो वा प्रधानमन्त्रीलाई इच्छा लागेन भने सोमबार र बिहीबार बस्ने नियमित बैठकसमेत बस्दैन ।

क्याबिनेटले जनताको काम छिटोछरितो गर्नुपर्ने हो । ऐनकानुन पनि धमाधम निर्माण गर्न मन्त्रिपरिषद्ले छिटोछिटो निर्णय गर्नुपर्छ । राजस्व उठाउन, ऐनकानुन बनाउन र जनतालाई छिटोछरितो सेवासुविधा दिन मन्त्रिपरिषद्को दिनहुँ बैठक बस्नुपर्ने हो । मन्त्रिपरिषद्ले ऐनकानुन छिटो पास गरेपछि सदनमा आउँथ्यो । सदनले पास गरेपछि त्यो कार्यान्वयनमा जान्थ्यो । जसले जनतालाई पनि सहज हुन्थ्यो । अहिले पटक-पटक नयाँ ... बस्ने निर्णय भएको हो । ०४७ सालदेखि अहिलेसम्म उही नै प्रणाली छ । मुलुक कहाँबाट कहाँ पुगिसक्यो, ऐनकानुन हेऱ्यो भने उही नै छ ।

अहिले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री छन् । तर, उनी पनि राजाले बनाएको बाटोमा हिँडिरहेका छन् । जनताको काम छिटोछरितो सम्पन्न गर्न दिनैपिच्छे मन्त्रिपरिषद्को बैठक बस्ने भनेर उनले निर्णय गरेका छैनन् । मन्त्रिपरिषद्ले मन्त्रालयबाट आएका फाइलहरूमा धमाधम निर्णय गरिदिँदा जनताले सरकार छ भन्ने अनुभूति गर्न पाउँथे । वर्षौंअघि मन्त्रालयले पठाएको अहिले पनि मुख्यसचिवका अड्किएर बसेको छ । आफूले पठाएको फाइल क्याबिनेटमा पुग्दासम्म मन्त्री नै हटिसक्छन् । नयाँले पुरानाको निर्णय मतलब गर्दैनन् ।

अनि के काम लाग्यो ? मन्त्रालय निर्णय गरेर पठाउने, फाइल मन्त्रिपरिषद्सम्म पुग्दै नपुग्ने । नेपालको राजनीतिक परिवर्तन भयो । राजतन्त्र हटेर बहुदलीय व्यवस्था आयो । तर, राजाको पालामा बनेको नियममा कुनै फेरबदल हुन सकेन । राजतन्त्र हटेर पनि मुलुकमा के सुधार भयो ? जनताले के नयाँ अनुभव गर्न पाए ? हिजो दौरासुरुवालका विरोधी प्रचण्ड आज त्यही नै लगाउँछन् । कोट पाइन्ट लगाउन छोडिसकेका छन् । हिजो जंगलमा बस्ने व्यक्ति आज सिंहदरबार आइपुगे । प्रचण्डका लागि यही नै परिवर्तन हो । लोकतन्त्र आए पनि सरकारी कामकाजको शैलीमा कुनै परिवर्तन आएको छैन ।

राजाको विरोध गर्ने प्रचण्ड त्यही राजाले बनाएको सिस्टममा हिँडिरहेका छन् । अनि त्यत्रो क्रान्ति गरेको के काम लाग्यो ? प्रचण्डले त धमाधम क्याबिनेट पुगेको प्रस्ताव छिनोफानो गरिदिनुपर्ने हो । मुख्यसचिव त आफूलाई जुन मनलाग्यो त्यही फाइल मन्त्रिपरिषद्मा लिएर जान्छन् । अरूको त अड्किराखेको छ । अदालतमा एउटा फाइल टुंगिन पाँच वर्ष लाग्छ । क्याबिनेटको पनि उही हाल छ । अनि देशको विकास कसरी हुन्छ ? काम त भटाभट सकाउनुपर्ने हो नि । तर, त्यसो गर्दैनन् । प्रचण्ड पूर्वराजा ज्ञानेन्द्र शाहको दोस्रो रूप बनेका छन् । ...

> राजाको पालामा सातामा दुईपटक मन्त्रिपरिषद्को बैठक बस्ने निर्णय भएको हो । ०४७ सालदेखि अहिलेसम्म उही नै प्रणाली छ । मुलुक कहाँबाट कहाँ पुगिसक्यो, ऐनकानुन हेऱ्यो भने उही नै छ । अहिले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री छन् । तर, उनी पनि राजाले बनाएको बाटोमा हिँडिरहेका छन् । जनताको काम छिटोछरितो सम्पन्न गर्न दिनैपिच्छे मन्त्रिपरिषद्को बैठक बस्ने भनेर उनले निर्णय गरेका छैनन्

पूर्वराजा ज्ञानेन्द्रको पारा देखेर जनताले उनलाई फ्याँकिदिए अब पालो प्रचण्डको आँउदै छ । ०५२ फागुन ...

भ्रष्ट्राचार बढ्यो, जनताले सरकारबाट पाउनुपर्ने सेवासुविधा छिटोछरितो पाएनन्, विदेशी हस्तक्षेप बढ्योलगायतका ४१ सूत्रीय माग राखेर उनले हतियार उठाए । ०६२/६३ सम्म आउँदा १७ हजार नेपालीले आन्दोलनमा परेर ज्यान गुमाए । हजारौं घाइते भए । खर्बौंको सम्पत्ति क्षति भयो । तर, नेपालीलाई यसबाट के फाइदा भयो ? राजाको पालामा बनेको एउटा सानो निर्णय त उल्टाउन नसक्नेले १७ हजार मान्छे किन मारेको ?

खर्बौंको सम्पत्तिमा किन आगो लगाएको ? राजाकै पालामा बनेको ऐनकानुनबाटै देश चलिरहेको छ । न ऐनकानुन परिवर्तन भयो, न कुनै उल्टाउन नै सक्यो । अहिले पनि एउटा सानो काम लिएर सरकारी कार्यालय पुग्यो भने महिनौँ दिन लाग्छ । जनतालाई आधारभूत आवश्यकता लिन पनि महाभारत छ । शिक्षा, स्वास्थ्य, रोजगारीबाट जनता वञ्चित छन् । अनि मुलुकले के पायो ? जति पाए प्रचण्डजस्ताले पाए । प्रचण्ड आफैं पनि तीनपटक प्रधानमन्त्री बने । आफ्नो छोरीलाई मेयर बनाए, बुहारीलाई मन्त्री । भाइलाई सांसद् र ज्वाइँलाई मन्त्री ।

आफ्नो सात पुस्तालाई पुग्ने सम्पत्ति कमाए । तर, जनता त जहाँको त्यही छन् । न उनीहरूको आर्थिक स्तरमा कुनै परिवर्तन भयो । न उनीहरूले सहजसँग सरकारी सेवासुविधा नै पाए । प्रचण्ड कर्मचारीलाई छिटोछरितो काम गर्न निर्देशन दिइरहेका हुन्छन् । तर, महिनौंदेखि मन्त्रिपरिषद्मा आएको फाइल किन छिनोफानो नगरेको ? कर्मचारीलाई त प्रधानमन्त्रीले कारबाही गर्ने, प्रधानमन्त्रीलाई चाहिँ कसले कारबाही गर्ने ? फाइल मन्त्रिपरिषद्मा रोक्नुको कारण के ? यो त स्पष्ट भइसकेको छ । जसले घुस दिन्छ, उसैको फाइल छिटोछरितो निर्णय हुन्छ ।

यस्तो पाराले मुलुक कहिल्यै सुध्रिदैन । लाइनमा फाइल राखेर देश कहिले उँभो लाग्छ ? पहिले आफू सुध्रिनुपऱ्यो अनि मात्र कर्मचारीलाई निर्देशन दिन सुहाउँछ । माथिका सुध्रिए मात्र तलका सुध्रिन्छन् । प्रधानमन्त्री र मन्त्री उद्घाटन कार्यक्रममा जाने, ज्ञापनपत्र बुझ्ने, घुमघाम गर्ने । आफूहरू ...

नेपाली खाडी मुलुक गइराखेका छन् । कालीमाटीमा तरकारी र फलफूल बजारमा ३८ वर्षदेखि ढुवानी गाडीको दर्ता खोलेको छैन । त्यहाँ ३ सय ५० वटा गाडी छन् ।

कालो प्लेट र हरियो प्लेटको ट्याक्सीको दर्ता बन्द भएको ३६ वर्ष भइसकेको छ । फोस्टक र मिटरजडित ट्याम्पोको दर्ता बन्द छ । सरकारले यी क्षेत्रमा भएको सिन्डिकेट तोडेर दर्ता खोलिदिने भने नेपालीहरू कामको लागि खाडी त जानुपर्दैनथ्यो । खाडीमा गएर दिनभरि चर्को घाममा काम गर्नुपर्ने बाध्यता त हट्थ्यो । तर, सरकारलाई यसतर्फ कुनै चासो छैन । उताबाट रेमिट्यान्स पठाउँलान् र हामी यहाँ मोजमस्ती गरौँला भन्नेहरू सरकारमा छन् अनि देश कहाँबाट माथि लाग्छ ? काम गर्ने क्षमता नभएका व्यक्तिहरू प्रधानमन्त्री र मन्त्री बनेका छन् ।

सबै घुस्याहाहरूलाई मन्त्रालयको जिम्मा दिइएको छ । घुस नखाइकन यहाँ केही काम गर्दैनन् । राजस्व आउने र नेपालीले रोजगारी पाउने क्षेत्रमा किन सिन्डिकेट लगाइराखेको हो ? यो त छानबिन हुनुपऱ्यो । प्रधानमन्त्रीभन्दा बलियो त मन्त्रीहरू छन् । प्रचण्डले यातायातमन्त्रीलाई ट्याक्सी र ढुवानी गाडीको दर्ता खोल्नु भनेर निर्देशन दिनुपर्ने हो । यातायात व्यवसायीको दादागिरीबाट जनता आजित भइसकेका छन् । भाडा मनलाग्दी छ । जनताले चाहिएको बेला यातायातका साधन पाँउदैनन् । बाटामा उही थोत्रा, पुराना र कबाडी सवारी साधन चलेका छन् ।

यातायात क्षेत्र भनेको राज्यको मेरुदण्ड हो । तर, सरकारले यो कुरा बुझेन । आफ्नो देशको जनशक्ति आफ्नै मुलुकमा राख्न सक्नुपऱ्यो अनि केही होला । नेपालीहरू अरूको देशलाई स्वर्ग बनाइराखेका छन्, हाम्रो देश हेऱ्यो भने सबैतिर धुलैधुलो । सबैतिर व्यवसायीको दबदबा छ । व्यवसायीको अगाडि सरकार नै लाचार छ । प्रश्न उठेको छ, ‘सिन्डिकेट हटाउन नसक्ने प्रचण्डले १७ हजार नेपाली कसरी मारे ?’ एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफू प्रधानमन्त्री भएको सय दिनमा सिन्डिकेट हटाएको घोषणा गरेका थिए । तर, अहिलेसम्म ट्याक्सीको नयाँ दर्ता खुलेको छैन । ...

# मिथिलामा सुरू भयो जोगिराको रौनक

■ सञ्जीतकुमार मण्डल



जलेश्वर । 'जोगिरा सरररर, जोगिरा सरररर ।' 'मिथिलामे राम खेलैया होली, मिथिलामे । मिथिलामे हो, मिथिलामे हो, मिथिलामे ।' हाँ मिथिलामे राम खेलैय होली, मिथिलामे । 'किनका के सोभे पियरी पितम्बर, किनकाके हाथ अबिर झोलि । मिथिलामे ?' 'सीताजीके सोभे पियरी पितम्बर, रामजीके हाथ अबिर झोलि । हो मिथिलामे, मिथिलामे राम खेलैय होली, मिथिलामे ।' 'जोगिरा सरररर, जोगिरा सरररर... ।' 'रङग बरसे भिगे चुनरबाली रङग बरसे, हो रङगबरसे भिगे चुनरवाली रंगबरसे' यी माथि उल्लिखित लोकभाका (जोगिरा)हरू तराई-मधेसमा होला आगमनको लोकभाका हो । तराई-मधेसमा अहिले होली पर्वको एक साता मात्रै बाँकी रहँदा साँझ पर्नेबित्तिकै गाउँ गाउँमा डम्फु, झ्याली, ढोल, तासा र मृदंगलगायतका बाजाहरू बज्न थालेको छ भने चारैतिर जोगिरा (होली गीत) का धुनहरू सुनिन थालेको छ । होली पर्वको उत्साह र उमंगले उमेरकोसमेत पर्वाह नगर्दै जलेश्वर नगरपालिका-८ बजराही गाउँ बस्ने ७५ वर्षीय रामबाबु चौधरी दुई/तीन दिनदेखि साँझ पर्ने वित्तिकै गाउँको उत्तरबारी टोलबाट हातमा डम्फु र झ्याली समातेर गाउँको चौकमा पुग्ने गर्छन् । त्यसैगरी गाउँको पछियारी टोलबाट ७० वर्षीय अरुण पाण्डे, पूर्वारीटोलबाट ६० वर्षीय रामदेव महरा र दक्षिणबारी टोलबाट ५५ वर्षीय पवित्तर साहसहित थुप्रै व्यक्तिहरू आ-आफ्ना घर टोलबाट आएर चोकमा जम्मा हुने गर्दछन् ।उमेरले पाका र कतिपयले राम्ररी हिँडडुल गर्न नसक्ने भए पनि उनीहरू गाउँको चारैदिशाबाट गाउँकोबीच चोकमा कुनै सभा, सम्मेलन, बैठक, बहस वा छलफल गर्नका लागि जम्मा हुँदैनन् । बरु आपसी भाइचारा, प्रेम, सद्भाव, सुखदुःख साटासाट गर्न र पुस्तौँदेखि चल्दै आइरहेको जोगिराको संरक्षण र प्रवर्द्धनका लागि छलफलमा जुट्ने गरेका छन् । जिल्ला सदरमुकाम जलेश्वरमा अवस्थित बाबा जलेश्वरनाथको मन्दिरदेखि मात्रै ५०० मिटरको दूरीमा उत्तरपट्टी रहेको सानो गाउँ बजराहीमा साँझ पर्नासाथ मनलाई मुग्ध बनाउने जोगिरा (होलीका गीत) सुनिन थालेको छ । होलैयाहरू (जोगिरा गाउनेहरू) एकै स्वरमा लय हालेर सबैले गाएको जोगिरा सुन्दा बजराही गाउँको टोलटोलमा आ-आफ्ना घर आँगनमा बसिरहेका जो कोही पनि प्रसन्न एवं खुसी हुने गर्दछन् ।

साँझ ७ बज्न नपाउँदै होलैयाहरूले हातहातमा ढोल, तासा, मृदंग, डम्फु, झ्यालीलगायतका बाजाहरू लिएर विभिन्न धुन र संगीतमा झुम्मिन थाल्छन् र राति ११/१२ बजेसम्म जोगिरा निरन्तर रुपमा चलिरहन्छ । विभिन्न प्रकारका गीत, चुट्किला, हाँसो ठट्टा र जिस्काउने तीतामीठा वाक्य र शब्दहरूलाई लयमा ढालेर गाइएको जोगिरा सुन्न र हेर्न गाउँलेको भीड लाग्ने गर्दछ भने जोगिराको क्रममा हुने नाचगानमा समेत ठूलो संख्यामा सहभागी हुने गरेको होलैया (जोगिरा गाउने) बौएलाल महराले बताए । पौराणिक कालदेखि नै जलेश्वर नगरपालिका-८ बजराही गाउँका जोगिरा टोली निकै चर्चित र नामचलेको छ भने यहाँको जोगिरा टोलीमा हिन्दू र मुस्लिम दुवै समुदायको सहभागिता हुँदा आपसी सद्भाव झन् बढेको स्थानीय ७५ वर्षीय भुट्टा साहले सुनाए ।अन्य गाउँ ठाउँमा हिन्दूको पर्वमा मुस्लिम सहभागी नहुने र मुस्लिमको पर्वलाई हिन्दूले चासो नलिने सामान्य मान्यता रहेको बीच महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका-८ बजराही गाउँमा यस कुरालाई स्थानीय दुवै समुदायका युवा तथा बुद्धिजीवी अगुवाहरूले पछौटेपन तथा विकासका अवरोध भन्दै यस सामाजिक विभेद्लाई चिरेर अगाडि बढेको अवस्था छ । अहिले प्रत्येक दिन साँझ जोगिराको धुनमा दुवै समुदायका युवाहरू एकैसाथ गाउँदा, नाच्दा र एकैसाथ हाँसो ठट्टा गर्दा वास्तवमै यस गाउँमा कुनै विशेष जात, धर्म वा वर्गको अधिपत्य वा भेदभाव नभएर अनेकतामा एकता रहेको दर्शाउँछ ।

यस गाउँमा वर्षौंदेखि यहाँका मुस्लिमहरू हिन्दूको पर्वमा र हिन्दूहरू मुस्लिमको चाड पर्वमा एकसाथ उभिएर चाडपर्व मनाउनुका साथै आपसमा खुसी साटासाट गर्दै आएका छन् । वडा-७ अनकार गाउँमा पनि बर्सेनि सर्वसाधारण स्थानीय बासिन्दासहित जनप्रतिनिधि पनि जोगिरामा उत्साहजनक रुपमा सहभागी हुने गरेको स्थानीय शंखर कापरले बताए । वडा-७ का वडाध्यक्ष रामछविला यादवका अनुसार होलीको अवसर पारेर जोगिरा गाउनकै लागि युवाहरू परदेशबाट गाउँ फर्किएका छन् । नेपाल तथा भारत समेतको सम्पूर्ण मिथिलाञ्चलवासीलाई मनपर्ने जोगिरा महोत्तरीको जलेश्वर नगरपालिकामा मात्रै सीमित नभएर जिल्लाको पिपरा गाउँपालिका-७ बनौली गाउँमा पनि निक्कै धुमधामका साथ मनाउने गरिएको पूर्व वडाध्यक्ष रुपेश झाले बताए ।

स्थानीय ६५ वर्षीय बैद्यनाथ चौधरीले गाउँकासबै उमेर समूहका मानिस एउटै मञ्चमा बसेर जोगिरा गाउने, हाँस्ने, हसाउने, कथा, कहानी र जीवनका अनुभवहरू साटासाट गर्दै देवीदेवताप्रति भक्तिभाव, ठूलालाई आदर सत्कार र सानालाई स्नेह बाँड्ने प्रचलन रहेको बताए । कवि कोकिल विद्यापतिको जन्मथलोसमेत रहेको सो गाउँमा विगत दुई/तीन दिनदेखि रातिको बेला होलैयाहरूको भीडले मेला जस्तै लाग्ने तथा उनीहरूले गाउने गीतले गाउँ नै गुञ्जायमान हुने गर्दछ । वडा-९ बथनाहा गाउँ पनि यतिबेला जोगिरामा रगिंएको छ । स्थानीय राजनीतिकर्मी चन्दन दुबेका अनुसार साँझ पर्न नपाउँदै होलैयाहरूले ढोल बजाउन, झ्याली पिट्न, हारमोनियम बजाउन र गीत गाउन सुरु गरेपछि राति अबेरसम्म गाउँमा खुसीयालीपूर्व रमाइलो गर्दछन् ।

प्रत्येक वर्ष झैं यसवर्ष पनि होली पर्वको आगमनसँगै महोत्तरी जिल्लाको गाउँ-गाउँमा 'जोगिरा' (एक प्रकारको गीत) गाउन सुरु भएको छ । १० नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरी जिल्लाको प्रत्येक गाउँ टोलमा फागुन महिनाको १२/१३ गतेदेखि नै प्रत्येक रातिको बेला ढोल, तासटा, मृदंग, डम्फु, झ्यालीलयायतका बाजागाजाका साथ जोगिरा गाउन सुरु भएको विभिन्न पालिकाबाट स्थानीयले बताएका छन् ।

**'फागुन आयो, होली ल्यायो'**
**'मारो भरभर कर पिचकारी'**
**'होली आयो, मस्ती छायो'**
**'मारो भरभर कर पिचकारी'**
**'जोगिरा सरररर, जोगिरा सरररर ।'**
**'कई हातका धोती पहना, कई हात लपेटा'**
**'कई घाटका पानी पिया, कई बापका बेटा'**
**'जोगिरा सरररर, जोगिरा सरररर ।'**

यस्ता सयौं लोकभाका, गीत, चुटकिला, हाँसो ठट्टा र दुःख बिर्साएर खुसी साटासाट गर्ने महापर्वको रुपमा होली मनाउने गरिन्छ । महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारादेखि र भारतका मधुबनी र दरभंगासहित सम्पूर्ण मिथिलाञ्चलमा जोगिरा पर्व मनाउने गरिन्छ । जोगिराको धुन र लयले गाउँगाउँलाई संगीतमय पारेको बेला जोगिरा गाउनकै लागि अहिले रातको बेला युवा तथा वयोबृद्धलाई घरघरबाट तानेर ल्याई राति अबेरसम्म जाग्राम गराउने तथा जोगिराहरू गाउन लगाउने गरिएको जलेश्वर नगरपालिका-६ का बासिन्दा प्रवीण साहले बताए ।

होलैयाहरूले जोगिराले एक आपसमा भाइचारा, प्रेम, सद्भाव र सुमधुर सम्बन्ध निर्माण गर्ने भएकाले आफूहरू रातिको बेला गाउँको चोकचोकमा ठूला संख्यामा भेला भएर जोगिरा गाउने, सुन्ने र सहभागीसमेत हुने गरेको उनले बताए । प्रायः होली पर्वभन्दा १५ दिन पहिले सुरु हुने जोगिरा गायन मिथिलाञ्चलको प्रत्येक गाउँगाउँमा भइसकेको छ भने । जोगिरा गायन होली पर्वको एक दिन पहिलेको रातिसम्म गाइने प्रचलन छ ।

# कतारबाट फर्किएर कफी व्यवसाय



■ सुमनजंग थापा

कुश्मा । मध्यपहाडी लोकमार्गअन्तर्गत पर्वतदेखि पोखरा पुग्नु अगावै लुम्ले गाउँ आउँछ । मुटु काम्ने गरी चिसो हावा चल्ने भएरै होला, यस ठाउँलाई लिएर गायक तिलक बम मल्लले 'मुटु छुने लुम्लेको हावाले' बोलको गीत नै गाएका थिए । लुम्ले गाउँ गीतमा मात्रै सीमित छैन । कृषि, कृषि पर्यटन र कृषि अध्ययन गर्न चाहनेका लागि पनि लुम्ले गाउँ परिचित छ ।

यही गाउँका २७ वर्षीय युवा नवीन देवकोटाले सडक छेउमा 'लुम्ले कफी स्टेट' नाम दिएर ग्राहकलाई आफैँले उत्पादन गरेको जैविक कफीबाट बनेका पेयपदार्थ पिलाउँदै आएका छन् । उनले चार वर्षअघि सडक छेउको आफ्नै जग्गामा सानो कन्टेनरमा क्याफे सञ्चालन गरेका हुन् । राजमार्ग हुँदै गन्तव्यतर्फ दौडिरहेका यात्रु केही छिन आफ्नो क्याफेमा कफी पिउनलाई रोकिने गरेको देवकोटाले बताए ।

'सडक छेउमा त्यो पनि एकान्त वातावरणमा भएर पनि हुन सक्छ मुस्ताङ, पर्वत, बागलुङ हिँडेका नेपाली र विदेश पर्यटक रोकिने गर्नुभएको छ,' उनले भने, 'विदेशी ग्राहकलाई मैले आफैं उत्पादन गरेको जैविक कफी हो भनेपछि उनीहरू जिज्ञासु र उत्साहित हुन्छन्, कति त कफी खेती देखाउन लैजा भनेर बोटसम्म नै पुग्ने गर्छन् ।'

होटेल म्यानेजमेन्ट विषय पढ्दै गर्दा पैसा कमाउने हुटहुटीले पढाइ छाडेर कतारको यात्रामा लागेका देवकोटा दुई वर्षको बिचमै स्वदेश फर्किए । आफ्नै बाँझो जग्गा जमिनमा सहजै फलाउन सकिने कफी कतारका ठूला क्याफेमा महँगो मूल्य खर्चेर कफी पिउने पारखीको भीड देखेपछि देवकोटालाई स्वदेश फर्कन प्रेरित गरेको थियो ।

'म पोखराको बरिस्टामा कफी बनाउने तालिम लिएर कतार गएको थिएँ, अन्तर्राष्ट्रियस्तरमै कफी कल्चरलाई नजिकबाट नियाल्ने र काम गर्ने अवसर पाएँ,' उनले भने, 'कतार जानुअघि नै लुम्लेमा कफी उत्पादन गर्न सकिन्छ भन्ने थाहा भएको कुराले हरेक दिन दिमागमा हान्न थाल्यो, भिसा बाँकी रहँदै देश फर्केर आफ्नो र भाडामा लिएको १५ रोपनी जमिनमा कफी खेतीको सुरुवात गरेँ ।'

सामान्य परिवारमा हुर्केका देवकोटाका बुबा अहिले पनि विदेशी मुलुकमा श्रम गर्दै छन् । छिट्टै बुबालाई पनि स्वदेश फर्काउने उनले सुनाए । आमाले छोराको कफी यात्रालाई पूर्ण रूपमा सघाउँदै आएकी छन् । 'नर्सरीमा उत्पादन भएका बिरुवादेखि प्रशोधनसम्मको काममा आमाले सघाउनुहुन्छ,' देवकोटाले भने, 'मैले क्याफे सञ्चालनदेखि कफीको बोट र धुलो पनि प्याकेजिङ गरेर बेच्ने भएकाले त्यसको बजारीकरण र ब्राण्डिङमा काम गर्छु ।'

देवकोटालाई आफूले उत्पादन गरेको कफी बजारमा राम्रो मूल्यमा बिकोस् भन्ने चाहना थियो । उनी धेरै ठाउँमा कफी बेच्न पुग्छन् । उनले दुःखअनुसारको मूल्य कहीबाट नपाएपछि आफ्नो जग्गामा उत्पादित कफी प्रशोधन गर्ने र क्याफेसमेत सञ्चालन गर्ने निर्णय गरे । पहिले गुड्ने क्याफे सञ्चालन गर्ने सोच बनाएका उनले भनेजस्तो सस्तो मूल्यको सवारीसाधन फेला नपरेपछि सजिलै उचालेर सार्न सकिने कन्टेनरमा क्याफे स्थापना गरेका हुन् ।

'नेपालमा कफी संस्कृति बढिरहेको अवस्थामा स्थानीय कफीले सही मूल्य नपाउँदा कृषकले कफी खेतीमा चासो नदिएको देखिन्छ,' उनले भने, 'नजिकै गाउँहरूमा कृषकले लगाएको कफीसमेत खरिद गर्दै आएको छु, उहाँहरू मैले दिने मूल्यमा खुसी हुनुहुन्छ, कृषकलाई बचाउन सकेमा मात्रै सहरका क्याफेमा गाउँको जैविक कफी पिउन पाइन्छ भन्ने हो ।'

देवकोटाको क्याफेमा स्थानीय कफीबाट बन्ने पेयपदार्थको स्वाद लिने मुख्य ग्राहक भनेका राजमार्गमा गुड्ने यात्रु नै हुन् । विदेश त्यागेर आएका देवकोटालाई गाउँमा बसेर कफी बेच्नुभन्दा पोखरामा गएर राम्रै क्याफे सञ्चालन गर्न सल्लाह दिने प्रशस्तै भेटिन्छन् । उनलाई अहिलेसम्म गाउँ छाडेर कतै जाने रहर आएको छैन ।

आफ्नै घरमा बसेर कफीका बिरुवा हुर्काउन पाउँदाको आनन्द आफूले अन्त कतै नपाउने देवकोटाले सुनाए । 'हाम्रो कफी बजारभन्दा फरक भएरै होला दिनप्रति दिन ग्राहकको संख्या बढेको छ,' उनले भने, ' कफी पारखीहरूले कफीको कपमा स्वाद मात्र भेट्दैनन् त्यहाँ खुसी र माया पनि भेट्ने गर्छन् ।'


## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०७९/११/१९)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी, जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी तथा जमानीकर्ताहरु लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०७९/१२/०३

**बोलपत्र खोलिने मिति**
२०७९/१२/०५ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **ऋणीहरू :**<br>**क) बि.एन.डी. मकालु कृषि कम्पनी**<br>दर्ता नं. : २४९२६९/०७७/०७८<br>ठेगाना : हिले ०१, धनकुटा<br>**ख) होटल एल.डि.एस.मकालु प्रा.लि**<br>दर्ता नं. : २०६६८१/०७५/०७६<br>ठेगाना : धनकुटा ०७, धनकुटा<br>**ग) दिपेन्द्र पराजुली**<br>ठेगाना : धनकुटा ०७, धनकुटा<br>**घ) भरत गुरूङ्ग**<br>ठेगाना : छतर जोरपाटी ०६, नामजाङ धनकुटा<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. भरत गुरूङ**<br>(ना.प्र.नं. ४७९, मिति २०४४/१०/२७ मा जि.प्र.का. धनकुटाबाट जारी भएको)<br>बाबु : सुबास चन्द्र गुरुङ्ग<br>बाजे : रुद्र बहादुर गुरुङ्ग<br>**२. ज्ञानु गुरूङ्ग**<br>(ना.प्र.नं. ७६१५८०१४, मिति २०५६/०८/१४ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>पति : भरत गुरुङ<br>ससुरा : रुद्र बहादुर गुरुङ्ग<br>**३. दिपेन्द्र पराजुली**<br>(ना.प्र.नं. ३१७, मिति २०४९/०९/२१ मा जि.प्र.का. धनकुटाबाट जारी भएको)<br>बाबु : सूर्य बहादुर पराजुली<br>बाजे : मान बहादुर पराजुली<br>**४. लिला पराजुली**<br>(ना.प्र.नं. २६८, मिति २०६०/०८/०१ मा जि.प्र.का. धनकुटाबाट जारी भएको)<br>पति : दिपेन्द्र पराजुली<br>ससुरा : सूर्य बहादुर पराजुली<br>**५. दिपेक्षा पराजुली**<br>(ना.प्र.नं. ०७-०१-७५-०१५५४, मिति २०७५/०७/१२ मा जि.प्र.का. धनकुटाबाट जारी भएको)<br>बाबु : दिपेन्द्र पराजुली<br>बाजे : सूर्य बहादुर पराजुली | १. दिपेन्द्र पराजुलीको नाममा धनकुटा जिल्ला मालपोत कार्यालय धनकुटामा दर्ता कायम रहेको धनकुटा जिल्ला, मारेककटहर गा.वि.स. /न.पा. वडा नं. ०३ स्थित कि.नं. ६८९ (३-१०-०-२ रोपनी), कि.नं. ६८७ (०-११-०-२ रोपनी), कि.नं. ४०८ (०-१४-०-० रोपनी), कि.नं. ४०७(०-१३-०-० रोपनी), कि.नं. ६९१ (७-१-३-२ रोपनी), कि.नं. ६८५ (१-१४-१-३ रोपनी) र ऐ.ऐ. धनकुटा बजार न.पा. वडा नं. ०७ स्थित कि.नं. १३६५ (०-८-०-० रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत।<br>२. होटल एल.डि.एस.मकालु प्रा.लिको नाममा धनकुटा जिल्ला मालपोत कार्यालय धनकुटामा दर्ता कायम रहेको धनकुटा जिल्ला, निगाले गा.वि.स. /न.पा. वडा नं. ०३ स्थित कि.नं. २७८३ (०-१-२-१ रोपनी), कि.नं. २५२३ (०-६-०-० रोपनी), कि.नं. २५९६ (०-४-२-० रोपनी), कि.नं. २५९७ (०-४-२-० रोपनी), कि.नं. २५२४ (०-६-०-० रोपनी), कि.नं. १७९२ (०-१४-१-० रोपनी), कि.नं. १७५८ (०-११-१-२ रोपनी) र कि.नं. २७८४ (०-१-२-१ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत।<br>३. भरत गुरुङको नाममा धनकुटा जिल्ला मालपोत कार्यालय धनकुटामा दर्ता कायम रहेको धनकुटा जिल्ला, मुर्तिढुंगा गा.वि.स. /न.पा. वडा नं. ०१ स्थित कि.नं. ९५६ (३-१४-३-० रोपनी), कि.नं. ९५५ (३-१४-०-० रोपनी), कि.नं. ८८८ (७-३-२-० रोपनी), कि.नं. १८१ (४-११-३-० रोपनी), कि.नं. ७९२(१-१४-२-० रोपनी), कि.नं. ७९१ (१-४-०-० रोपनी) र कि.नं. १४७(१-१५-०-० रोपनी) र ऐ.ऐ. वडा नं. ०२ स्थित कि.नं. १५७१ (०-११-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत।<br>४. बि.एन.डी. मकालु कृषि कम्पनीको नाममा धनकुटा जिल्ला मालपोत कार्यालय धनकुटामा दर्ता कायम रहेको धनकुटा जिल्ला, निगाले गा.वि.स./न.पा. वडा नं. ०३ स्थित कि.नं. २९२२(०-२-०-० रोपनी), कि.नं. २६९२ (०-८-०-० रोपनी), कि.नं. २९२५ (५-१२-३-२ रोपनी), कि.नं. २९२३ (०-६-१-२ रोपनी) र कि.नं. २९२४ (०-८-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत।<br>५. बि.एन.डी. मकालु कृषि कम्पनीको नाममा सुनसरी जिल्ला मालपोत कार्यालय धरान, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, धरान गा.वि.स. /न.पा. वडा नं. ०४ स्थित कि.नं. ९४० (०-०-०.७५-० विगाहा), कि.नं. ९३८ (०-०-०.७५-० विगाहा), कि.नं. ८९६ (०-०-३-० विगाहा), र कि.नं. ८२२ (०-०-४-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np



**Government of Bagamati Province**
**Ministry of Health**
**Health Logistics Management center**
**Hetauda, Nepal**

## Re-Invitation for Electronic Bids

**First Date of publication: 2079/09/14 BS (2022-12-29AD)**
**Second Date of publication: 2079/11/19 BS (2023-03-03AD)**

The Health Logistics Management Center, Bagmati Province, Hetauda, Nepal invites bid from eligible bidders for the following bid under national competitive bidding – Single Stage Two Envelope procedures specified in Public Procurement Act and Regulations. Eligible Bidders may obtain further information from the office of Health Logistics Management Center, Hetauda, Phone No: 977- 057520547, email address: info.hlmc@bagamati.gov.np or may visit PPMO egp system: www.bolpatra.gov.np/egp.

| Description of Items/ IFB.No: | Quantity (unit) | Minimum Bid Security Amount (NRs.) | Cost of Bid Documents (NRs.) | Bid Security Validity |
|---|---|---|---|---|
| PROCUREMENT OF MATERNAL AND NEONATAL PROGRAM MEDICINE, IFB No. HLMC/G/NCB-05/2079-80(Re-Bid) | As per Bid | 2,40,000.00 | 3,000.00 | 2080/03/31 BS (2023-07-16 AD) |

**Director**

# खरेल, गौतम र कार्की पुरस्कृत

■ सौर्य समाचार

काठमाडौं । घुम्ती मुक्तक नेपालले सानु-मखमली मुक्तक नायक श्री सम्मानबाट नगद १० हजारसहित मुक्तककार यादव खरेललाई पुरस्कृत गरेको छ । खरेललाई सिर्जनाका माध्यमबाट नेपाली मुक्तकको उन्नयन र विस्तारमा उल्लेखनीय योगदान गरेवापतमा सम्मान गरिएको हो । खरेललाई नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति बैरागी काँइलाले सम्मान गरेका हुन् ।

यसैगरी, सस्थाले कालीका-शान्ता मुक्तक मानक श्री सम्मानबाट नगद १० हजारसहित समालोचक प्रा.डा. लक्ष्मणप्रसाद गौतम पनि पुरस्कृत गरेको छ । नेपाली मुक्तकको विकास र विस्तार गर्दै मुक्तकको मानक सिद्धान्तका लागि पुऱ्याएको उल्लेखनीय योगदानका लागि उनलाई पुरस्कृत गरिएको हो ।

यसैगरी, जानकी मवि मुक्तक श्री सम्मानबाट नगद ५ हजारसहित युवा मुक्तककार उदास कार्कीलाई पुरस्कृत गरिएको छ । मुक्तक सिर्जना गर्दै नेपाली मुक्तकलाई युवामाझ लोकप्रिय बनाउन अभियन्ताको रुपमा खेलेको योगदानको लागि कार्कीलाई पुरस्कृत संस्थाले जनाएको छ । कार्यक्रम घुम्ती मुक्तक नेपालका अध्यक्ष निर्मलरमण पराजुलीको अध्यक्षता सम्पन्न भएको हो । संस्थाको दोस्रो वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा प्रमुख अतिथि काँइला, अध्यक्ष पराजुली, समालोचक प्रमोद प्रधान, पुरस्कृत साहित्यकार, घुम्ती मुक्तक नेपालका प्रमुख संरक्षक एवं साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोने, रामप्रसाद ज्ञवाली, साहित्यकार उषा शेरचन, प्रा.डा. गोविन्दमान सिंह कार्की, युवराज मैनाली, कलानिधि दाहाल, रामप्रसाद पन्त, बलराम दाहाल, हरिभक्त सिग्देल, ठाकुरप्रसाद भण्डारी लगायतले मन्तव्य राखेका थिए । कवि भैरवी रिसालले सञ्चालन गरेको कार्यक्रममा विभिन्न मुक्तककारले मुक्तक प्रस्तुत गरेका थिए ।

# 'प्रसाद २' को पोस्टर

■ सौर्य समाचार

काठमाडौं । सुदर्शन थापाले निर्देशन गरेको चलचित्र 'प्रसाद २' को फर्स्टलुक सार्वजनिक गरिएको छ । पोस्टरमा अभिनेता विपिन कार्की, अभिनेत्री केकी अधिकारी र कलाकार अर्पण थापालाई देखाइएको छ । सामाजिक विषयवस्तुमा आधारित रहेर निर्माण गरिएको यो चलचित्रले दर्शकको माया पाउने अपेक्षा निर्माण टिमले राखेको छ । निर्देशक सुदर्शनले यसपटक सामाजिक कथावस्तु लिएर दर्शकमाझ आउन लागेको सुनाए । चलचित्रको स्लोगन 'माया भन्दा ठूलो नै के छ र' राखिएको छ । यो चलचित्रलाई सुदर्शन बस्नेतले निर्माण गरेका हुन् । सुभाष थापाको प्रस्तुतिमा तयार पारिएको चलचित्र 'प्रसाद २' ले जातीयताको मुद्दा उठान गरेको छ ।




## लिलाम बिक्रीको सूचना

प्रथमपटक सूचना प्रकाशित मिति : २०७९/११/१९

यस सा व उ स वाट संकलित साल गोलिया काठ १३७७.१९ क्यू फिट, साल चिरान काठ ६४४.७५ क्यू फिट र साल दाउरा २.३५ चट्टा लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**औसराजुडी सामुदायिक वन उपभोक्ता समूह, ऋषिङ ४, तनहुँ**

## बीमा पोलिसी हरायो

नेपाल लाइफ इन्स्योरेन्सको मेरो नाममा रहेको निम्न व्यहोरा भएको बीमा पोलिसी मिति २०७९ फागुन ०१ गते भैसेंपाटी देखि लगनखेल सम्म जाँदा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

**नाम : निरज खड्का**
पोलिसी नं. : १०८०१३९६१
सम्पर्क: ९८५११३१४०७
ठेगाना : ललितपुर-२५, भैसेँपाटी, ललितपुर

## गोलिया काठ विक्रि वितरण सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९ । ११ । १९**

यस कत्ले सा.व.उ.स. दुधौलि न. पा.-७ सिन्धुलीबाट आ.व. २०७७/०७८ मा उत्पादन भई घाट्गद्दि गरी राखिएको साल गोलिया थान २९२ को ३२०६.१६ क्यू फिट काठ व्यापारिक प्रयोजनको लागी विक्रि वितरण गर्नको लागी यो सूचना प्रकाशित गरिएको छ। काठ जे जस्तो अवस्थामा छ , सो ही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम २८ बमाजेजिम योग्य उद्योगहरु यो सूचना प्रकाशित भएको मितिले २१ दिन बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री कत्ले सा.व.उ.स.**
**दुधौलि न.पा.-७ सिन्धुली**

## पञ्चपुरी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बाबियाचौर, सुर्खेत

**सच्याईएको सम्बन्धमा**

**प्रकाशित मिति : २०७९/११/१९**

यस कार्यालयबाट मिति २०७९/११/१८ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचनामा **प्रकाशित मिति : March 1, 2023** र बुँदा मा **9. The last date of bid submission would be considered as per the date given in PPMO website www.bolpatra.gov.np/egp.** हुनु पर्नेमा अन्यथा भएकोले सच्याईएको व्यहोरा सम्बन्धित सबैको जानाकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनिको मिति २०७९/०४/१८ को विशेष साधारणसभाको निर्णय बमोजीम साबिकको **ओन्ली ओन जापानिज ल्याङ्वेज एजुकेशन कन्सल्टेन्सी प्रा.ली.** को (प्रा.लि.नं. ११९९१००) नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदी परिवर्तित कम्पनिको नाम **ह्यापि मुभ ईन्टरनेशनल प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरि कम्पनि रजिष्टारको कार्यालयबाट मिति २०७९/०४/२६ मा स्विकृत भए बमोजीम कायम भएको व्यहोरा सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**Malaysia मा रोजगार** Toshiba Tec Malaysia Manufacturin Sdn. Bhd.

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०६/२५ चलानी नं. ६०१८८९०६ LT No. : 273230

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 46 | 0 | साधारण | 1500 | ४४,२२९- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।– रोजगारदाताले | रु. ७००।– रोजगारदाताले | नि:शुल्क |

**अन्तरवार्ता २०७९ फागुन २६ गते (10 Mar, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Gov. Lic. No. 143/056/57
**Gurkha Employment PVT. LTD.**
Tokha-14, Samakhusi, Kathmandu, Tel.: 01-4383267
Email : contactgurkha@gmail.com | Web : www.gurkhaemployment.com



**Malaysia मा रोजगार** 1. Tekun Asas Sdn. Bhd.

पूर्व स्वीकृती मितिः २०७९/११/१८ चलानी नं. ६०१९७३७२ LTNo. : 281936

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 15 | साधारण | 1500 | ४४,४२९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. Shingko Paper Cartons (M) Sdn. Bhd.

पूर्व स्वीकृती मितिः २०७९/११/१८ चलानी नं. ६०१९७३७१ LTNo. : 281902

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) | 15 | साधारण | 1500 | ४४,४२९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।– कामदार आफैले | रु. ७००।– कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०७९ फागुन २६ गते (10 Mar, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**लाईफ ईन्टरनेशनल ओभरसिज प्रा. लि.** श्रम ईजाजत न.: ७६०/६५/६६
सामाखुसी, काठमाडौं, फोन : ४४३९८५४, ४४३८१९८, ९८०१११२२५९, ९८०१११२२५०, ९८०१०६४०९१



**Malaysia मा रोजगार** Risen Solar Technology Sdn. Bhd.

पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०७/०५ चलानी नं. ६०१८९८८२ LT No. : 274137

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) | 3 | 0 | साधारण | 1500 | ४४,२८८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले दिने | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- रोजगारदाताले | रु. ७००।- रोजगारदाताले | नि:शुल्क |

**अन्तरवार्ता २०७९ फागुन २६ गते (10 Mar, 2023) यस प्रा. लि. को कार्यालय बसुन्धारामा, काठमाडौंमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १)आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला ।२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला ।५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, तिनकुनेमा सम्पर्क राख्नुहोला ।

Gov. Lic. No. 1148/073/74
**NAAZ OVERSEAS PVT. LTD.** (SANAZ OVERSEAS PVT. LTD.)
Basundhara, Bikash Nagar Margh, Kathmandu, Tel.: 01-5917495, 5917496
HOTLINE NO : 9801575557 Whatsapp No : 9801077799
Email : contact@naaznepal.com | For Apply kindly visit : www.naaznepal.com



**Malaysia मा रोजगार** 1. GCEM (M) Sdn. Bhd.

पूर्व स्वीकृती मितिः २०७९/११/१८ चलानी नं. ६०१९७३७० LT No. : 281903

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) | 20 | 00 | साधारण | 1500 | ४४,४२९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. Pimpin Setia Sdn. Bhd. पूर्व स्वीकृती मितिः २०७९/११/१८ चलानी नं. ६०१९७३६९ LT No. : 281920

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Livestock Workers | 21 | साधारण | 1500 | ४४,४२९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।– कामदार आफैले | रु. ७००।– कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०७९ फागुन २६ गते (10 Mar, 2023) यस प्रा. लि. को कार्यालय सामाखुशी, काठमाडौंमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**WIN RECRUITMENT PVT. LTD.** Gov. Lic. No. 1383/074/75
Samakhusi, Kathmandu, Tel.: 01-4965386, 9801112250, 9801112262, 9801112267



**KUWAIT मा रोजगार** AL-Qurain Automotive Trading Co.

पुनः विज्ञापन । पुर्व स्वीकृति मितिः २०७८/१२/१४ चलानी नं.:६०१७६७९४ LT No. 260466

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Mechanical Technician (Auto) | 6 | काममा दक्ष | 140 | ६०,३७२।- | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |
| २. | Electrical Technician (Auto) | 6 | | 140 | ६०,३७२।- | | | | | |
| ३. | Painter (Auto) | 9 | | 140 | ६०,३७२।- | | | | | |
| ४. | Auto Denter / Panel Beater | 5 | | 140 | ६०,३७२।- | | | | | |
| ५. | Assistant Mechanic | 7 | | 100 | ४३,१२३।- | | | | | |
| ६. | Technical Workers (Part Pickers) | 10 | | 100 | ४३,१२३।- | | | | | |
| ७. | Car Washer / Polisher | 7 | | 100 | ४३,१२३।- | | | | | |

**अन्तरवार्ता २०७९ फागुन २६ गते (10 Mar, 2023) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | कामदार आफैंले | रु १०,०००/- |

**Overtime & annual leaves are as per company rules.**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १)आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला ।२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला ।५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No.: 904/067/068
**Decent Employment Pvt. Ltd.**
Sundarnagar Marga Basundhara Chowk, Kathmandu, Tel.: 01-5903104
Mob: 9801049115, Email : decentemploymentnepal@gmail.com


## सेफवे बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना

**प्रकाशित मिति २०७९/११/१९**

यस सहकारी संस्थासंग तपसिल बमोजिमका ऋणी सदस्यहरुले लिएको कर्जाको साँवा ब्याजको रकम शर्त बमोजिम बुझाउन पर्नेमा संस्थाले पटक पटक मौखिक एवं लिखित रुपमा तरताकेता गर्दा गराउदा पनि कर्जाको साँवा ब्याज नबुझाई शर्त उल्लंघन गर्नुका साथै संस्थाको कर्जा भुक्तानी गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको ले आफुले लिएको कर्जा रकम चुक्ता फछ्र्यौट गरिदिन तपाईहरु ऋणी लाई यसै मार्फत ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशीत भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थामा सर्म्पक राखी लिएको कर्जाको सम्पूर्ण साँवा ब्याज तथा अन्य दैदस्तुर चूक्ता गर्न आउनु होला अन्यथा सहकारी ऐन, नियमावली, यस संस्थाको बिनियम तथा ऋण निती एवं तपाईहरु तथा यस संस्था बिच भएको लिखत बमोजिम तपाईहरुले धितो सुरक्षण वापत राख्नु भएको तपसिलका धितो जमानी कुनै राष्ट्रिय पत्रिकामा एक पटक ३५ दिने सूचना प्रकाशित गरि लिलाम गरि वा लिलाम बाट कसैले सकार नगरे संस्थाले आफ्नो कब्जामा लिई नामसारी गरि गराई कुनै पनि समयमा आफ्नो लेना रकम अशुल उपर गरिलिने ब्यहोरा सम्बन्धितहरुलाई जानकारी गराईन्छ । तसर्थ यसैलाई अन्तिम सूचना मानी सम्पूर्ण कर्जा चूक्ता गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ऋणीको विवरण | ऋणी | धितोको विवरण र साक्षी |
|---|---|---|---|
| १. | श्री तेज बहादुर सिहंको नाति श्री खडक बहादुर सिहंको छोरा काठमाण्डौ जिल्ला का.म.पा वडा नं. ६ बस्ने बर्ष ५५ को **श्री प्रदिप बहादुर सिहं** |  | नवलपरासी, मनरी बडा नं.१क स्थित कि.नं. ६२६ को क्षे.फ. ०-९-१७-० जग्गा । **साक्षी :-** १) सिरहा वडा नं. १ बस्ने बर्ष ४५ को दिप्ती कार्की २) का.म.न.पा वडा नं. ७ बस्ने बर्ष ४१ को गिता राणा |
| २. | श्री इश्वरी प्रसाद पन्तको नाति श्री बिष्णु प्रसाद पन्तको छोरा श्री भावना न्यौपाने को श्रीमान गूल्मी हर्दिनेटा ३ घर भई हाल बुद्धनगर १० काठमाण्डौ बस्ने बर्ष ५१ के **श्री जगत बन्धु पन्त** |  | काठमाण्डौ थानकोट महादेबस्थान वडा नं. ४क स्थित कि.नं. १०२७ को ०-१२-०-० आना जग्गा **साक्षी :-** १) भक्तपुर, चागु वडा नं. ३ बस्ने बर्ष ४५ को सरोज पौडेल |
| ३. | श्री असमान लामा को नातीनी श्री चेत ब.लामा को छोरी श्री प्रकास तामाङ को श्रीमती काठमाण्डौ का.म.पा. वडा नं. ७ बस्ने बर्ष ४४ की **श्री बिना तामाङ** |  | काठमाण्डौ इचंगुनारायण वडा नं. ७ स्थित कि.नं.५४ को क्षेत्रफल १५८.९४ ब.मी जग्गा **साक्षी :-** १) काठमाण्डौ जिल्ला नयांबजार १६ बस्ने बर्ष ४७ का श्री प्रकाश तामाङ २) काठमाण्डौ नागार्जुन वडा नं. १ बस्ने बर्ष ५७ का श्री हरि कृष्ण लामा |
| ४. | श्री टेक बहादुर अधिकारीको नातीनी श्री निर बहादुर अधिकारीको छोरी का.म.न.पा वडा नं. ७ सिफल बस्ने बर्ष ४१ की **श्री गिता राणा** |  | नवलपरासी, अग्यौली वडा नं. ३ स्थित कि.नं. ८८९ को २३७.०१ र १५६९ को १६९.३२ ब.मी घर जग्गा **साक्षी :-** १) का.म.पा वडा नं. ६ बस्ने बर्ष ५५ का प्रदिप बहादुर सिंह २) का.म.पा वडा नं.७ बस्ने बर्ष ४१ की श्री शारदा शेर्पा लामा |

**सेफवे बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**सेफवे भवन, पुरानो बानेश्वर, काठमाडौं फोन नं. ४४९९३९२, ४४९७९८७**

## एकीकृत हुलाक भवन निर्माण आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितीको लागि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/११/१९)**

नेपाल सरकारको वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा ५ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ को उपनियम १ अनुसार उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीको क्रममा प्रस्ताव कार्यान्वियन क्षेत्रमा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप यो सूचना प्रकाशित गरिएको छ। तसर्थ निम्न लिखित स्थान, मिति र समयमा शहरी विकास तथा भवन निर्माण विभाग, भवन महाशाखाद्वारा एकीकृत हुलाक भवन निर्माण आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षणको बारेमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्बन्धित सबै सरोकारवालालाई सहभागि भई प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन उपर छलफल गरी राय, सुझाव दिनुहुन हार्दिक अनुरोध गर्दछौ।

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान तथा समय**

१. स्थानः एकीकृत हुलाक भवन निर्माणस्थल, ववरमहल ।
२. मितिः २०७९।११।२५, समयः विहान ११:३० वजे

**प्रस्तावक**
भवन महाशाखा
शहरी विकास तथा भवन निर्माण विभाग
सम्पर्क नं.: ४२६२३६५
फ्याक्स नम्बर: ०१-४२६२४३९

**परामर्शदाता**
प्रिस्टीन सभिर्सेज प्रा.लि
सम्पर्क नं.: ९८०३६६३९५२
इमेलः pristineservices@gmail.com

## वागमती प्रदेश सरकार
### स्वास्थ्य मन्त्रालय
### स्वास्थ्य निर्देशनालय
### बकुलहर रत्ननगर अस्पताल
बागमती प्रदेश
रत्ननगर -२, चितवन, नेपाल

**वोलपत्र को सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/११/ १७**

आ.व.०७९/०८० र ०८०/८१ मा यस अस्पताल को फार्मेसी संचालनको लागि आवश्यक पर्ने आवश्यक औषधिहरु मध्ये ब्राण्ड आइटमका सामाग्रीहरु वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त सप्लायर्स, बिक्रेता तथा व्यवसायीहरुले रितपूर्वक को वोलपत्र तपशिल्को शर्त हरु पालना हुने गरि सार्वजानिक खरिद अनुगमन कार्यालयको Website : www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

## सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०७९/११/१९ गतेको सौर्य राष्ट्रिय दैनिक ।

यस विकास बैंक बाट सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस विकास बैंकको शाखा कार्यालय गुलरियाबाट विपान्नवर्ग कर्जा अन्तर्गत लिनु भएको कर्जाको साँवा ,व्याँज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस विकास बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस विकास बैंकमा सम्पर्क राखी यस विकास बैंक लाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानतकर्तालाई, यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस विकास बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सोको नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस विकास बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितो बाट यस विकास बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानतकर्ता को अन्य चलअचल जायजेथा सम्पत्ति बाट समेत असुल उपर गरिने र ऋणी तथा जमानत कर्ता लाई समेत कालो सूचीमा सूचिकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबै लाई सूचित गरिन्छ।

**तपसिल**

| ऋणीको विवरण | संचालक/जमानीकर्ताको विवरण |
|---|---|
| **ऋणी : श्री वाधुराम थारु**<br>बुवाको नाम : चोगे थारु<br>बाजेको नाम : खुसलाल थारु<br>ठेगाना :गुलरिया-७,बर्दिया<br>हाल :गुलरिया न.पा-४,बर्दिया<br>नागरिकतानं. १०४/३४३८४३१४<br>जारी जिल्ला : जि.प्र.का.,बर्दिया<br>**कर्जा शिर्षक : विपन्न वर्ग कर्जा**<br>**कर्जा लिएको साखा : गुलरिया,बर्दिया**<br><br>श्री मालपोत कार्यालय गुलरिया, बर्दियामा श्री बाधुराम थारु को नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला बर्दिया, गुलरिया -७ क स्थीत कित्ता नं.९१ र १६४ को क्षेत्रफल क्रमशः४७४.०७ र ६८४०.३५व.मि को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **१) नाम : काली थरुनी**<br>बुवाको नाम : मल्लु राम थारु<br>श्रीमानको नाम : बाधुराम थारु<br>ससुराको नाम : चोगे थारु<br>ठेगाना : गुलरिया-७, बर्दिया<br>हाल : गुलरिया-४, बर्दिया<br>नागरिकता नं. २/३९५<br>जारी जिल्ला : जि.प्र.का.,बर्दिया<br>**२) नाम : शुसिला थारु**<br>बुवाको नाम : बाँधुराम थारु<br>बाजेको नाम : चोगे थारु<br>आमाको नाम : काली थरुनी<br>ठेगाना : गुलरिया-४,बर्दिया<br>नागरिकता नं. ६५-०१-७६-०५४५०<br>जारी जिल्ला : जि.प्र.का.,बर्दिया |

सौर्य दैनिक आर्थिक

नेपाल लघुवित्त बैंकर्स संघ
Nepal Microfinance Bankers' Association
(NMBA)

लघुवित्तका कर्मचारीमाथि कालो मोसो दल्ने कार्य हुन लागेपछि लघुवित्त बैंकर्स संघले आपत्ति प्रकट गर्दै सो कार्यको निन्दा तथा भर्त्सना गरेको छ। संघले सुरक्षित कार्य वातावरणको सुनिश्चतता गर्न नेपाल सरकार तथा नियामक निकाय नेपाल राष्ट्र बैंकसँग अपील गरेको छ

होटल तथा पर्यटन व्यवसायी संघ नेपाल, बागमती प्रदेशको अध्यक्षमा दामोदर नेपाल सर्वसम्मत निर्वाचित भएका छन। संघको वरिष्ठ उपाध्यक्षमा श्यामकुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष र द्वितीय उपाध्यक्षमा निपु सराप र राजकुमार श्रेष्ठ, महासचिवमा राजकुमार प्याकुरेल, सचिवमा राजेन्द्र कुमार तिया, सहसचिव- हरिगोपाल सापकोटा, कोषाध्यक्षमा शेखरमान श्रेष्ठ र सहकोषाध्यक्षमा विनोद लामिछाने चयन भएका छन्



# बीमा कम्पनीले १ प्रतिशत रकम सामाजिक कार्यमा छुट्याउनुपर्ने




**सौर्य समाचार**

काठमाडौं । बीमा कम्पनीहरूले सामाजिक कार्यमा खुद नाफाको १ प्रतिशत रकम छुट्याउनुपर्ने भएको छ । नेपाल बीमा प्राधिकरणले बिमकको संस्थागत सुशासनसम्बन्धी निर्देशिका-२०७५ को चौथो संशोधन गर्दै सामाजिक उत्तरदायित्व (सिएसआर)अन्तर्गतको गतिविधि सञ्चालनका लागि कम्पनीलाई खुद नाफाको १ प्रतिशत रकम छुट्याउनुपर्ने व्यवस्था गरेको हो।

यसअघि बिमा कम्पनीहरूले आफूखुसी रकम विनियोजन गर्ने गरेका थिए । प्राधिकरणले निर्देशिका संशोधन गर्दै संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी व्यवस्था राखी कम्पनीलाई अनिवार्य रूपमा संस्थागत सामाजिक उत्तरदायित्व कोष खडागरी रकम जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ। प्राधिकरणका अनुसार कम्पनीहरूले हरेक आर्थिक वर्षको खुद नाफाबाट १ प्रतिशत रकम छुट्याउनुपर्नेछ। कम्पनीहरूले कोषमा जम्मा भएको रकम सामाजिक परियोजना, प्रत्यक्ष अनुदान खर्च, गरिबी निवारण लगायतका सामाजिक कार्यमा खर्च गर्नुपर्नेछ।

प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक एवं प्रवक्ता राजुरमण पौडेलले कम्पनीहरूलाई सामाजिक कार्यमा पनि सहभागी गराउन यस्तो व्यवस्था गरिएको जानकारि दिए। यसअघि प्राधिकरणले कम्पनीलाई सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्य सञ्चालन गर्न निर्देशन दिएको थियो। कम्पनीले आफूखुसी कार्यक्रम सञ्चालन गरेका थिए। तर, सबै कम्पनी जिम्मेवार नभएपछि प्राधिकरणले निर्देशिका नै संशोधन गरेको उनले बताए।

बीमा कम्पनीहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न सामाजिक परियोजनामा रकम खर्च गर्नुपर्नेछ। प्राधिकरणले संस्थागत सुशासन निर्देशिका परिमार्जन गर्दै कम्पनीहरूले सामाजिक कार्यका लागि खर्च गर्नुपर्ने क्षेत्रसमेत तोकेको छ। सामाजिक परियोजना अन्तर्गत शिक्षा र स्वास्थ्यसम्बन्धी परियोजना सञ्चालन गर्न सक्नेछन। त्यस्तै, कम्पनीहरूले दैवी प्रकोप व्यवस्थापनका परियोजना र सामाजिक रूपमा पिछडिएका वर्गको आय आर्जन गर्ने क्षमता अभिवृद्धि हुने खालका कार्यक्रममा पनि खर्च गर्नुपर्नेछ। यसका साथै बिमा साक्षरतासम्बन्धी कार्यक्रम, ग्राहक संरक्षणसम्बन्धी कार्यक्रम तथा सीमान्तकृत वर्गको बिमासम्बन्धी कार्यक्रममा पनि सामाजिक उत्तरदायित्वका लागि छुट्याइएको रकम खर्च गर्नुपर्ने निर्देशिकामा व्यवस्था गरिएको छ।

त्यसैगरि, सिएसआरमार्फत अति विपन्न तथा सीमान्तकृत वर्ग व्यक्तिका लागि शिक्षा तथा स्वास्थ्यमा समेत खर्च गर्न सकिने निर्देशिकामा उल्लेख गरिएको छ। त्यस्तै, कम्पनीहरूले नेपाल सरकारको गरिबी निवारणसम्बन्धी रणनीतिलाई सहयोगी हुने खालका परियोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। जसमा अति विपन्न वर्गको प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षतिको बिमाद्वारा रक्षावरण गर्दा हुने खर्चसमेत सामाजिक उत्तरदायित्वमार्फत गर्न सकिने प्राधिकरणले निर्देशिका व्यवस्था गरेको छ। यसका साथै बिमा कम्पनीहरूले आफ्ना कर्मचारीका बालबालिकाका लागि कार्यालयमा चाइल्ड डे केयर सेन्टरको व्यवस्था समेत गर्न सक्नेछन ।

त्यसैगरी, कम्पनीहरू भौगोलिक क्षेत्र तथा विषयमा न्यायोचित ढंगले संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी खर्च गर्नुपर्नेछ। एकै भौगोलिक क्षेत्र तथा विषयमा मात्रै सीमित भएर यस्तो खर्च गर्न नपाइने निर्देशिकामा उल्लेख छ। नयाँ व्यवस्था अनुसार बीमा कम्पनीहरूले सामाजिक उत्तरदायित्व कोषमा जम्मा गरेको रकम कम्पनी तथा कम्पनीको सञ्चालकको निजी प्रयोजनका लागि खर्च गर्न नपाइने भएको छ। नेपाल बिमा प्राधिकरणले संशोधन गरेको संस्थागत सुशासनसम्बन्धी निर्देशन, २०७५ अनुसार कम्पनीहरूले कम्पनीको ब्रान्ड प्रवर्द्धन गर्दा हुने खर्चलाई सामाजिक उत्तरदायित्व कोषबाट व्यहोर्न नपाइने व्यवस्था गरेको छ। तर, संस्थागत सामाजिक उत्तरदायित्वमा गरेको खर्चमा कम्पनीको नाम सौजन्यका रूपमा उल्लेख गर्न सकिने व्यवस्थासमेत छ। यस्तै, सञ्चालक समितिका सदस्यहरूलाई व्यक्तिगत तथा राजनीतिक लाभ हुने गरी खर्च गर्न नपाइने व्यवस्था गरिएको छ।

यसैगरि, सञ्चालक समितिले संस्थागत सामाजिक उत्तरदायित्वका लागि पहिचान हुने क्षेत्रहरू, सो क्षेत्रमा खर्चका लागि प्राप्त हुने प्रस्ताव मूल्यांकन गर्ने प्रक्रिया, कोषको सञ्चालन तथा व्यवस्थापनलगायतका विषय समेटी छुट्टै कार्यविधि बनाई लागू गर्नुपर्ने प्राधिकरणले व्यवस्था गरिदिएको छ। यसका अतिरिक्त सामाजिक उत्तरदायित्व कोषको व्यवस्था तथा सोबाट भएको खर्चसम्बन्धी जानकारी कम्पनीको वित्तीय विवरणको लेखासम्बन्धी टिप्पणीअन्तर्गत खुलाउनुपर्ने निर्देशिकामा उल्लेख छ।

यसअघि कम्पनीहरूले सामाजिक उत्तरदायित्व भन्दै कम्पनीको निजी प्रयोजनका लागि खर्च गर्दै आएका थिए। कम्पनीहरूले सञ्चालकलाई प्रदान गर्ने सेवा-सुविधादेखि लिएर अभिकर्तालाई दिने अतिरिक्त सुविधालाई समेत सामाजिक उत्तरदायित्वमा देखाउँदै आएका थिए। कम्पनीहरूले व्यवस्थापन खर्च र सामाजिक उत्तरदायित्वको खर्चलाई जथाभावी गर्न थालेपछि प्राधिकरणले निर्देशिकामा नै यस्तो व्यवस्था गरेको हो।

# पुँजी बजारमा केन्द्रीकृत डिजिटल केवाइसी सेवा




**सौर्य समाचार**

काठमाडौं । पुँजी बजारमा नेपालकै पहिलोपटक केन्द्रीकृत डिजिटल केवाइसी सुरु हुने भएको छ। ग्राहक तथा लगानीकर्ताले कुनै एक निकायमा एकपटक व्यक्तिगत विवरण बुझाएपछि पुँजी बजारका अन्य निकायमा पुनः व्यक्तिगत विवरण बुझाउन नपर्ने गरी केन्द्रीकृत विद्युतीय ग्राहक पहिचान विवरण (सेन्ट्रल डिजिटल केवाइसी) लागू गरिने भएको हो।

पुँजी बजारमा विद्युतीय सेवासमेत प्रदान गर्दै आएको सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी)ले केन्द्रीकृत डिजिटल केवाइसी लागू गर्ने तयारी अघि बढाएको हो। यो अन्तिम चरणमा पुगिसकेको सिडिएससीको भनाई छ।

हाल सफ्टवेयर (सिस्टम प्रणाली)लाई केही ब्रोकर कम्पनी र मर्चेन्ट बैंकरहरूमा परीक्षण भइरहेको छ। सिडिएससीका प्रवक्ता सुरेश न्यौपानेले त्यसको नतिजा पनि राम्रो देखिएको जानकारी दिएका छन । अब बाँकी काम र प्रक्रिया पूरा गरेर केन्द्रीकृत डिजिटल केवाइसीलाई कार्यान्वयनमा ल्याउने उनको भनाइ छ। अहिले डिम्याट खाता, मेरो सेयर खाता, ब्रोकर खाता (टिएमएस) खोल्दा सम्बन्धित ब्रोकर कम्पनी, मर्चेन्ट बैंकरलगायतका निकायमा लगानीकर्ताले छुट्टाछुट्टै केवाइसी भर्नुपर्ने बाध्यता छ। एउटै ब्रोकरमा डिम्याट खाता तथा ब्रोकर खाता खोल्दा पनि दुईपटक केवाइसी भर्नुपर्ने बाध्यता छ।

त्यसैगरि, एउटा मर्चेन्ट बैंक तथा ब्रोकरमा डिम्याट खाता तथा ब्रोकर खाता (टिएमएस) खोलेको व्यक्तिले अर्को ब्रोकर तथा मर्चेन्ट बैंकरमा डिम्याट खाता पनि केवाइसी भर्नुपर्ने बाध्यता रहँदै आएको छ। त्यसमाथि कतिपय ब्रोकर तथा मर्चेन्ट बैंकरहरूले केवाइसी अझै डिजिटलाइज गरेका छैनन। फलस्वरूप लगानीकर्ताले थप कठिनाई व्यहोर्नुपरेको छ। साथै, खर्च पनि उत्तिकै मात्रामा भइरहेको लगानीकर्ताको गुनासो छ।

सोही अवस्थालाई दृष्टिगत गर्दै पुँजी बजारभित्रको कुनै एक निकाय तथा संस्थामा केवाइसी भरेपछि अर्को ठाउँमा पुनः केवाइसी भर्नुनपर्ने गरी नयाँ प्रविधि ल्याउन लागिएको सिडिएससीका प्रमुख कार्यकारी अधिकृत पूर्णप्रसाद आचार्यले बताए। उनले यो प्रविधि आएपछि लगानीकर्ताले एउटा निकायमा केवाइसी भरेपछि सोही निकाय वा अन्य निकायमा थप केवाइसी भर्नुनपर्ने बताए । यद्यपि, आवश्यकताअनुसार समय-समयमा केवाइसीलाई अपडेट गर्दै जानुपर्ने उनले जानकारि दिए ।

पुँजी बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन)ले ०७७ मा एक निर्देशिका जारी गर्दै सिडिएससीलाई सेन्ट्रल डिजिटल केवाइसी लागू गर्न निर्देशन दिएको थियो। सोही निर्देशिका अन्तर्गत सेन्ट्रल डिजिटल केवाइसी लागू गर्ने प्रक्रिया अघि बढाएको हो। अबको एक-दुई महिनामा यो कार्यान्वयनमा आउने सिडिएससीको भनाइ छ। सेन्ट्रल डिजिटल केवाइसीका लागि सेवाशुल्क तोक्न नेपाल धितोपत्र बोर्ड, ब्रोकर कम्पनी, मर्चेन्ट बैंकर, लगानीकर्तालगायतका सरोकारवालासँग छलफल अगाडि बढाइएको छ। सो छलफल मार्फत सेवाशुल्कको टुंगो लगाउने काम भइरहेको छ। अब सेन्ट्रल डिजिटल केवाइसी लागू गर्न यी दुई काम मात्रै बाँकी छ। यो पूरा भएपछि सेन्ट्रल डिजिटल केवाइसी कार्यान्वयनमा आउँने अपेक्षा गरिएको छ।

## कर्पोरेट

### जि.ओ फोर्डद्वारा नेक्स्ट-जेन एभरेष्ट सार्वजनिक




काठमाडौं । जि.ओ. अटोमोबाइल्स प्रा.लि. (जि.ओ फोर्ड) ले नेपाली बजारमा नयाँ संस्करणको नेक्स्ट जेन फोर्ड एभरेष्ट भित्राएको छ । शक्तिवान, परिष्कृत र रोमाञ्चक ड्राइभलाई मध्यनजर गरी बनाईएको यस एसयूभीमा असाधारण आराम, ग्राहक केन्द्रित टेक्नोलोजीका साथ एड्भेन्चर रेडी फिचर समावेश गरिएको छ ।

नेक्स्ट जेन फोर्ड एभरेष्ट नेपालमा २ लि, दि टर्वो डिजेल ईन्जिनमा १० स्पीड अटोमेटिक ट्रान्समिसनका साथ उपलब्ध छ । यसले २१० पी.एस. पावर र ५०० एन.एम टर्क प्रदान गर्ने उल्लेख छ । जि.ओ. अटोमोवाईल्सका प्रबन्ध निर्देशक आकाश गोल्छाका अनुसार नेक्स्ट जेन फोर्ड एभरेष्ट उत्कृष्ट क्षमताका साथ प्रभावशाली सुविधायुक्त एक नवीनतम तथा असल एसयुभी हो। यसले नेपाली ग्राहक तथा एड्भेन्चर प्रेमीले अपेक्षा गरे भन्दा माथि उत्रिन सफल हुनेछ । यसको परिष्कृत मुल्यले नेक्स्ट जेन एभरेष्ट धेरै नयाँ ग्राहकको ईच्छाएको र छनौटको एसयुभी बन्ने कम्पनीले जनाएको छ ।

पूर्ण चौडाईको कोस्ट-टू-कोस्ट इन्स्ट्रुमेन्ट प्यानल र सेन्टर कन्सोलद्वारा विस्तारित फराकिलोपनको आभास दिदैं, नेक्स्ट-जेन एभरेष्टले आरामदायी र सुविधाजनक ड्राइभको लागि वायरलेस चार्जिङ र इलेक्ट्रिक पार्किङ ब्रेक जस्ता धेरै सुविधा प्रदान गर्ने जनाएको छ । फोर्डको ग्लोबल डिजाइन डीएनए अन्तर्गत सी-क्ल्याम्प हेडल्याम्प र बलियो तेर्सो माथिल्लो ग्रिल बारमा प्रतिबिम्बित हुन्छ। अगाडिको छेउमा तेर्सो र ठाडो तत्वको मिश्रणले यसको उपस्थितिलाई थप दरिलो बनाउँने पनि उल्लेख छ ।

नेक्स्ट-जेन फोर्ड एभरेष्ट आकर्षित र साहसिक यात्राको लागि यसको केन्द्रिय क्षमताको साथ डिजाइन गरिएको छ । प्रिमियम स्तरको कला कौशलले भित्री भाग बनाईएको छ । जसमा सात जना सम्मलाई शान्त र परिष्कृत वातावरणका साथै उत्कृष्ट प्रविधि र सुरक्षाले प्रत्येक यात्रालाई थप यादगार बनाउँने पनि उल्लेख छ । ड्राइभर असिस्ट टेक्नोलोजीको नयाँ सुइटले भरिएको, नेक्स्ट-जेन एभरेष्टले परिवारलाई सुरक्षित राख्न मद्दत गर्ने उल्लेख छ ।

### समृद्धि फाइनान्सको इटहरी र जनकपुर शाखामा रक्तदान

काठमाडौं । समृद्धि फाइनान्सले शाखा कार्यालय जनकपुर र इटहरीबाट रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । रक्तदान जिवनदान भन्ने नारालाई आत्मसात गर्दै कार्यक्रम आयोजना गरिएको हो । उक्त कार्यक्रम जनकपुर र इटहरी शाखामा सम्मन्न गरिएको थियो । बिहीबारबाट सुरु गरिएको रक्तदान कार्यक्रम विभिन्न मितिमा बाँकी शाखाबाट पनि आयोजना गर्ने तालिका रहेको संस्थाका संचालन विभाग प्रमुख चुडामणी खनालले जानकारी दिए । नेपाल राष्ट्र बैंकबाट ग वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको समृद्धि फाइनान्स कम्पनी लिमिटेडले हाल ८ वटा शाखा मार्फत कारोबार गर्दै आएको छ भने आर.टि.जि.एस, आइपीएस, कनेक्ट आइपीएस, रेमिटान्स, क्लियरिग लगायतका बैंकिग र मोवाइल बैंकिग, डेबीट कार्ड, क्यू.आर कोड जस्ता डिजिटल सुविधाहरु प्रदान गरिरहेको पनि विज्ञप्तिमा उल्लेख छ ।



### प्रभु स्मार्ट फण्डको बिक्री सुरु




काठमाडौ । प्रभु क्यापिटल सामूहिक लगानी कोष अन्तरगत दोश्रो योजना प्रभु स्मार्ट फण्डको निष्कासन तथा बिक्री खुला बिहीबारदेखि सुरु भएको छ । प्रभु क्यापिटलको व्यवस्थापनमा सञ्चालनमा आउन लागेको यस फण्डले प्रतिइकाई १० रुपैयाँ अंकित दरमा ८० करोड बराबरको ८ करोड इकाई जारी गर्न लागेको हो। यो योजनाको कोष प्रवर्द्धक प्रभु बैंक लिमिटेड रहेको छ भने योजना व्यवस्थापक प्रभु क्यापिटल लिमिटेड रहेको छ । यो योजना बन्दमुखी हो । यस योजनाले इकाई बिक्रीबाट संकलित रकमको ३५ देखि ९० प्रतिशतसम्म सेयरमा लगानी गर्ने छ अर्थात यो एक इक्विटी ओरिएण्डेड योजना हो ।

निष्कासित कुल ८ करोड इकाईमध्ये कोष प्रवर्द्धक प्रभु बैंक लिमिटेडले १ करोड १२ लाख इकाई र कोष व्यवस्थापक प्रभु क्यापिटल लिमिटेडले ८ लाख इकाई गरी कुल १ करोड २० लाख इकाई सुरक्षित गरिएको छ । बाँकी ६ करोड ८० लाख इकाईका लागि सर्वसाधरणले बिहीबारदेखि आवेदन दिन सक्नेछन् । फण्डको इकाईमा इच्छुक लगानीकर्ताले छिटोमा २३ फागुनसम्म आवेदन दिन सक्नेछन् भने सो अवधिमा सबै इकाईका लागि आवेदन नपरेको खण्डमा भने ढिलोमा ३ चैतसम्म इकाई बिक्री खुला रहने क्यापिटलले बताएको छ । नेपालको सेयरबजारमा धेरै क्षेत्रका शेयरहरु सूचीकृत भई कारोबारमा रहेका छन्। त्यसमध्येका कम्पनीको व्यवसायिक वृद्धिदर उच्च रहेको, नियमित रुपमा उच्च प्रतिफल प्रदान गर्न सक्ने, वित्तिय अवस्था सवल भएको कम्पनीहरु छनौट गरी ती मध्ये उत्कृष्ट कम्पनीहरुको सयरमा लगानी गरी नियमित खरिद बिक्री गर्ने भएकाले यो योजनाको नाम प्रभु स्मार्ट फण्ड राखिएको पनि विज्ञप्तिमा उल्लेख छ ।

### युएचएस होल्डिङको हेफेल स्टुडियो



काठमाडौ । इंटीरियर सम्बन्धी सेवामा अग्रणी कम्पनी युएचएस होल्डिंग हेफेल डिजाइन स्टूडियोको शुभारम्भ गरिएको छ। बिहीबार गैरिधारा स्थित हाफेल सोरुममा आयोजित एक समारोहबिच हाफेले दक्षिण एसियाका प्रबन्ध निर्देशक फ्यांक सोडर एवं युएचएस होल्डिंगका अध्यक्ष पुरुषोत्तम न्यौपानेले यसको संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।

हेफेलको नेपालस्थित फ्रेन्चाइजको रुपमा रहेको यस नयाँ डिजाइन इस्टूडियोमा आर्टिटेक्चरल हार्डवेयर, ग्लास फिटिङ, फर्निटर फिटिङ, डिजिटल सेक्युरीटी लाइटिङ, किचेन फिटिङ लगायत अन्य सम्बन्धित उत्पादन 'रियल टाइम' ढंगमा उपलब्ध छन् । कार्यक्रमा हेफेल एवं युएचएस होल्डिंगका प्रतिनिधिले समुन्नत प्रविधि र उत्कृष्ट कार्यकौशलता सम्पन्नका उत्पादनले विश्वका प्रसिद्ध वास्तुकार एवं इंटीरियर डिजाइनरलाई अभिप्रेरित गरेको बताए । त्यसैगरी,उनीहरुले यस ब्राण्ड आफ्ना ग्राहक प्रति पनि प्रतिवद्ध रहेको जानकारी दिए ।

'हामी हेफेल जस्तो इंटीरियर सेवाको लागि अन्तर्राष्ट्रिय रुपमा ख्याती प्राप्त ब्राण्डसँग आवद्ध हुनपाउँदा हर्षित एवं गौरवान्वित छौं' युएचएस होल्डिंगका अध्यक्ष पुरुषोत्तम न्यौपानेले भने । नयाँ हेफेल डिजाइन स्टूडियो ग्राहकलाई नवीनतम उत्पादन प्रदान गर्दै उनीहरुको जीवनशैलीलाई नयाँ उचाईमा पुर्याउन मद्दत गर्ने जनाएको छ । युएचएस होल्डिंग उच्चस्तरीय वाथरुम, सिलिग रेलिग फर्निचर लगायतका इंटीरियर सम्बन्धि उत्पादनहरु प्रदान गरिरहेको पनि विज्ञप्तिमा उल्लेख छ ।

### सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको अध्यक्षमा श्रेष्ठ




काठमाडौं।एकीकृत कारोबार गरेको सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनीको अध्यक्षमा सुरेशलाल श्रेष्ठ नियुक्त भएका छन् । नयाँ बन्ने कम्पनीको प्रमुख कार्यकारी अधिकृतमा तत्कालीन सिद्धार्थ इन्स्योरेन्सका बिरेन्द्र बैदवार क्षेत्री रहने छन् । यसैगरि, संचालकमा पवनकुमार अग्रवाल, राजनकृष्ण श्रेष्ठ, राहुल अग्रवाल, बलराम श्रेष्ठ र रामेश्वरप्रसाद बस्याल नियुक्त भएका छन् ।

सिद्धार्थ प्रिमियर इन्स्योरेन्सको सचिवमा सुदर्शन आचार्य नियुक्त भएका छन्। कम्पनीको चुक्ता पुँजी २ अर्ब ५० करोड रुपैयाँ पुऱ्याउन स्वाप रेसियो १:१ अनुपातमा मर्ज भएको कम्पनीको चुक्ता पुँजी हाल २ अर्ब ८० करोड रुपैयाँ छ ।

### एक्साइडको नयाँ विद्युतीय रिक्सा ब्याट्री




काठमाडौं । सिप्रदी ट्रेडिङ प्रालिले एक्साइड ब्रान्डको विद्युतीय रिक्सामा प्रयोग हुने नयाँ ई-रिक्सा ब्याट्रीको नेपाली बजारमा बिक्रीवितरण सुरु गरेको छ । एक्साइड ब्रान्डको ई-रिक्सा ब्याट्री नेपालको एक मात्र १५ महिना लामो वारेन्टी भएको ब्याट्री हो ।

विश्वप्रसिद्ध एक्साइड ब्रान्डको ई-रिक्सा ब्याट्री फ्याक्ट्रीबाट पहिले नै चार्ज हुने भएकाले सिधा जडान गर्न सकिने छ । साथै विशेष अलोई प्रणाली भएका यी ब्याट्रीले छिटो चार्ज हुनुका साथै प्रशोधित पानीको पनि कम खपत गर्छन । यसैगरी, यिनीहरुमा रगेड ट्युवलर पोजिटिभ प्लेटको विशेषता भएकाले यसले विद्युतीय रिक्साको भार तान्न सक्ने क्षमतामा अधिकतम वृद्धि गर्दछ ।

आफ्नो उत्कृष्ट रसायनिक एवं अन्य गुणका कारण यो नयाँ उत्पादनले छोटो समयमै ग्राहकको मन जित्नेमा सिप्रदी ढुक्क रहेको बताइएको छ । कम्पनीका अनुसार कुनै पनि पुरानो ब्याट्री साटेर नयाँ एक्साइड ब्याट्री पनि ग्राहकले प्राप्त गर्न सक्नेछन् ।

### रिलायबल इन्स्योरेन्सद्वारा प्रहरीलाई सहयोग

काठमाडौं । रिलायबल नेपाल लाइफ इन्स्योरेन्सले स्थापनाको छोटो समयमा नै नेपाली बिमा बजारमा ५० लाखभन्दा बढी बिमालेख जारी गरी छुट्टै पहिचान राखेको छ । कम्पनीले बेला बखतमा गर्ने गरेको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सडक दुर्घटनाको जोखिम न्यूनीकरणका निम्ति जिल्ला प्रहरी परिसर ललितपुर लाई १२ (बाह्र) थान सडक डिभाइडर सहयोग गरेको छ ।

उक्त हस्तानतरण कार्यक्रममा जिल्ला प्रहरी परिसर ललितपुर का प्रमुख सिद्धि बिक्रम शाहले दुर्घटनाको जोखिम न्यूनीकरण गर्न यसले धेरै सहयोग पुग्ने बताए । यसका साथै कम्पनीका वरिष्ठ सहायक महाप्रबन्धक दिपेश बाबु तिवारीले कम्पनीले बेला बखत गर्ने संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सडक दुर्घटनाको जोखिम न्यूनीकरण गर्न कम्पनीले जिल्ला प्रहरी परिसर ललितपुरलाई सडक डिभाइडर सहयोग गर्न पाउँदा खुसी भएको व्यक्त गरे । फेरि पनि आउँदा दिनमा आवश्यक परेको खण्डमा सहयोगका लागि निरन्तरता दिने बताए ।

का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४



बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको उपाधिको लागि एभिनियर फुटबल क्लब क्यामरुन र काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टर (केएफटिसी) झापाबीच प्रतिस्पर्धा हुने भएको छ

सौर्य खेलकुद

एकै विश्वकपमा सर्वाधिक गोल गर्ने खेलाडीको कीर्तिमान बनाउने स्ट्राइकर जस्ट फन्टेनको निधन भएको छ। फ्रान्सका पूर्व स्ट्राइकर फन्टेनको ८९ वर्षको उमेरमा निधन भएको हो



# नेपाल आईसीसी यू-१९ विश्वकपमा छनोट



**■ सौर्य समाचार**

काठमाडौं। दीपेश कँडेलको उत्कृष्ट बलिङप्रेरित नेपालले घरेलु टिम युनाइटेड अरब इमिरेट्स (यूएई)माथि सात रनको रोमाञ्चक जित निकाल्दै अर्को वर्ष श्रीलंकामा हुने युवा विश्वकपमा स्थान पक्का गरेको छ।

४८औँ ओभर बलिङका लागि आएका दीपेशले आफ्नो ओभरको अन्तिम तीनमा ह्याट्रिक लिएपछि यूएईविरुद्ध अप्रत्यासित जित निकाल्दै नेपालले सात वर्षपछि यू-१९ विश्वकपमा स्थान बनाएको हो।

दीपेश ४८औँ ओभर बलिङका लागि आउँदा यूएईलाई जितका लागि ११ रनको आवश्यकता थियो। र, यूएईको हातमा अझै तीन विकेट थियो। यो ओभरको पहिलो बलमा यूएईका ब्याटर मरुफ मर्चन्टले एक रन लिए। दीपेशले दोस्रो बल डट फ्याके। तेस्रो बलमा यूएईका ब्याटर हर्षित सेठले दुई रन लिए। तर, चौथो बलमा दीपेशले चार रनमा खेलिरहेका हर्षितलाई बोल्ड गरे। पाँचौं बलमा दीपेशले ब्याटिङका लागि आएका नयाँ ब्याटर हरित हरिस सेट्टीलाई कप्तान देव खनालबाट क्याच आउट गराए।

यस्तै, दीपेशले ओभरको अन्तिम बलमा ब्याटिङका लागि आएका मोनिस गजेसलाई बोल्ड गर्दै ह्याट्रिक लिएपछि नेपालले सनसनीपूर्ण जित निश्चित गर्‍यो।

बिहीबार यूएईको इडेन गार्डेन ओभल अज्मानमा नेपाली टिमले प्रस्तुत गरेको १९२ रनको लक्ष्य पछ्याउने क्रममा घरेलु टिमले ४८ ओभरमा सबै विकेट गुमाएर १८४ रनमात्र बनाउन सक्यो। त्यसअघि टस हारेपछि ब्याटिङमा निम्त्याइएको नेपालले ४८.५ ओभरमा सबै विकेट गुमाएर १९१ रनको योगफल खडा गरेको थियो।

नेपालले सन् २०१६ पछि विश्वकपमा स्थान बनाएको हो। त्यसअघि २०१९ मा नेपाललाई एक रनले पराजित गर्दै यूएईले विश्वकपमा स्थान बनाएको थियो। मलेसियामा सम्पन्न उक्त छनोट प्रतियोगितामा नेपाल डकवर्थ लुइस पद्धतिका आधारमा एक रनले पराजित भएको थियो। त्यही हार नेपालको विश्वकप यात्रामा तगारो बनेको थियो। यस्तै, सन् २०२१ मा पनि कोभिड-१९ महामारीका कारण छनोट नहुँदा यूएई सोझै छनोट भएको थियो।

नेपालले यसअघि २०००, २००२, २००४, २००६, २००८, २०१२ र २०१६ मा गरी सातपटक आईसीसी यू-१९ विश्वकप खेलिसकेको छ। यूएईले भने २०१४, २०२० र २०२२ मा युवा विश्वकप खेलेको थियो।

बिहीबारको खेलमा नेपालका कप्तान देव खनालले ५१ रन बनाए। देवले ८४ बलमा तीन चौका र एक छक्का प्रहार गरे। १९-३ को अवस्थामा रहँदा देवले चौथो विकेटका लागि उत्तम रङ्गु थापामगरसँग ८४ रनको साझेदारी गर्दै नेपालको इनिङ्स उकासेका थिए। उत्तमले ४८ बलमा तीन चौका र एक छक्कासहित ३६ रन बनाए।

विशालविक्रम केसीले ३८, दीपेश कँडेलले १५, हेमन्त धामीले १३ र मिलन बोहराले १० रन थपे। नेपालका ओपनर दीपक बोहरा खेलको पहिलो बलमै 'गोल्डेन डक' भएका थिए।

यूएईका ध्रुव पारासर तीन विकेट लिए। कप्तान आयान अफ्जल खान र हरित हरिस सेट्टीले समान दुई विकेट लिए। अम्मर बदामी र हर्षित सेठले एक-एक विकेट लिए।

यूएईको इथन कार्ल डी'सुजाले ५० रन बनाए। आर्यन सक्सेनाले ३४, आर्यन्स शर्माले ३२, अम्मर बाडामीले १९, ध्रुव पारासरले १७ र मरुफ मेर्चन्टले १२ रन बनाए। यूएईविरुद्ध रोमाञ्चक जित दिलाउन उत्कृष्ट बलिङ गरेका दीपेशले पाँच विकेट लिए। १० ओभर बलिङ गरेका दीपेशले एक मेडन राख्दै ४२ रन खर्चिए। सुवास भन्डारी र हेमन्त धामीले समान दुई विकेट लिए।

# लिग-२ : यूएईसँग नेपालको हार



**■ सौर्य समाचार**

काठमाडौं। आईसीसी विश्वकप लिग-२ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय अन्तर्राष्ट्रिय सिरिजमा नेपाल यूएईसँग पराजित भएको छ।

बिहीबार भएको खेलमा नेपाल घरेलु टोली यूएईसँग ६८ रनले पराजित भएको हो।

दुबई अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा यूएईले दिएको २०८ रनको लक्ष्य पछ्याएको नेपालले ३५ ओभर ५ बलमा सम्पूर्ण विकेट गुमाउँदै १३९ रन बनायो।

नेपालका लागि कुशल मल्लले ६० रनको अर्धशतकीय पारी खेले। त्यस्तै सन्दीप लामिछानेले २५ रन बनाउँदा आसिफ शेखले १७ रन बनाउन बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको यूएईले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २०८ रन बनाएको थियो।

यूएईका लागि आसिफ खान र रोहन मुस्तफाले अर्धशतकीय पारी खेले। आसिफले ९९ बल खेल्दै ५ चौका र ३ छक्का प्रहार गर्दै ७२ रन बनाए।

त्यस्तै ७६ बल खेलेका मुस्तफाले २ चौकाको सहयोगमा ५२ रन बनाए।

यूएईका आर्यन लाकरले २८ रन बनाउँदा चन्दकोपियल रिजवानले २२ रनको योगदान गरे।

नेपालका लागि सन्दीप लामिछानेले तीन विकेट लिए। त्यस्तै करण केसी, आसिरफ शेख र कुशल मल्लले एक-एक विकेट लिए।

यो जितसँगै यूएईले ३० खेलमा ३१ अंक जोडेर तालिकाको पाँचौं स्थानमा छ। परातिज नेपाल २८ अंक जोडेर तालिकाको छैटौं स्थानमा छ।

# एलए र लोयल्टी फाइनलमा




**■ सौर्य समाचार**

काठमाडौं। डिफेन्डिङ च्याम्पियन लिटिल एन्जल्स (एलए) र आयोजक लोयल्टी एकेडेमी ११ औं लोयल्टी कप अन्तरविद्यालय जुनियर छात्र फुटबल प्रतियोगितामा बिहीबार फाइनलमा प्रवेश गरेका छन्।

मण्डिखटारस्थित आयोजक लोयल्टीको मैदानमा एलएले विद्या संस्कारलाई १-० गोलले पराजित गर्‍यो। एलएका अमृत बानियाँले निर्णायक गोल गरे। विद्या संस्कारका सुवास तामाङ 'म्यान अफ द म्याच' घोषित भए।

लोयल्टीले त्रिज्योतिलाई ३-० गोलले हरायो। लोयल्टीका साहिल राई र रोसिश अधिकारीले समान १-१ गोल गरे। एक गोल आत्माघाती थियो। त्रिज्योतिका कृष्चल यमयम 'म्यान अफ द म्याच' चुनिए। फाइनल शुक्रबार

# ह्वीलचेयर क्रिकेट टोलीको घोषणा



**■ सौर्य समाचार**

काठमाडौं। भारतको गुजरातमा हुने ह्वीलचेयर क्रिकेट प्रतियोगितामा सहभागी हुने नेपाली टोलीको बिहीबार घोषणा गरिएको छ। नेपाल पारा ओलम्पिक कमिटीले सानोगौचरणमा पत्रकार सम्मेलन गर्दै १२ खेलाडीको नाम सार्वजनिक गरेको हो।

छनोट भएका खेलाडीहरुमा हिमालय आर्यल (कप्तान), रामबहादुर तामाङ, राजु गुरुङ, दानबहादुर थिङ, सागर पाण्डे, डिगमसिंह चेम्जोङ, दीपक तिमल्सेना, सोम राई, फणिनारायण पौडेल, रमेश खत्री, बरुण मगर र राजु कट्वाल रहेका छन्। प्रशिक्षकमा भरत कार्की छन्। चैत १ देखि ६ गतेसम्म हुने प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश र श्रीलंका गरी ४ राष्ट्र सहभागी हुने छन्। पहिलो राउन्ड रोविन लिगका आधारमा खेल हुनेछ। लिगमा शीर्ष २ स्थान हात पार्ने खेलाडीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने छन्। पत्रकार सम्मेलनमा नेपाल पारा ओलम्पिक कमिटीका अध्यक्ष दीपक कोइराला, महासचिव प्रकाश चिलवाल, अन्तर्राष्ट्रिय ह्वीलचेयर क्रिकेट परिषद्का महासचिव रघुकुमार आर, एटीटीएफका अध्यक्ष कुमार पौडेललगायतको उपस्थिति थियो।

## विश्व

# समिति बनाएर निर्वाचन आयोगका पदाधिकारी सिफारिस गर्न आदेश



**■ एजेन्सी**

नयाँ दिल्लीं। भारतको सर्वोच्च अदालतले त्यहाँको निर्वाचन आयोगका आयुक्त एवं पदाधिकारीहरूको नियुक्ति सम्बन्धमा आदेश जारी गरेको छ।

भारतमा यसअघि केन्द्र सरकारको सिफारिसमा राष्ट्रपतिले आयोगका पदाधिकारी नियुक्त गर्ने गरिएको थियो। सर्वोच्चले प्रधानमन्त्री, लोकसभाका प्रमुख प्रतिपक्ष दलका नेता र प्रधानन्यायाधीशसहितको समितिको सिफारिसमा आयोगका पदाधिकारी नियुक्त गर्न आदेश दिएको हो। भारतको संविधानको धारा २३४ मा कानुन बनाई राष्ट्रपतिबाट निर्वाचन आयोगका आयुक्त नियुक्त गर्नुपर्ने व्यवस्था छ। तर, हालसम्म कानुन बनाइएको छैन। अदालतले सो धाराको व्यवस्था बाध्यकारी रहेको भन्दै कानुन नबाइँदासम्मका लागि प्रधामन्त्री, प्रतिपक्ष दलका नेता र प्रधानन्यायाधीशको सिफारिसमा आयोगका पदाधिकारी नियुक्त गर्न आदेश दिएको हो। अदालतले निर्वाचन निष्पक्ष हुनुपर्नेमा जोड दिँदै समिति गठन गर्न आदेश दिएको हो। भारतमा पनि संवैधानिक नियुक्तिका लागि नेपालको संविधानमा व्यवस्था गरिएबमोजिमको संवैधानिक परिषद्को माग भइरहेको छ। नेपालको संविधानको धारा २८४ मा संवैधानिक आयोगका आयुक्त तथा प्रधानन्यायाधीशको नियुक्तिका लागि संवैधानिक परिषद्को व्यवस्था गरिएको छ। सो परिषद्मा प्रधानमन्त्रीको नेतृत्वमा प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, उपसभामुख, राष्ट्रियसभाका अध्यक्ष र प्रतिनिधिसभाका प्रमुख प्रतिपक्ष दलका नेता रहन्छन्।

# रुसको जंगलमा प्रेमिकासँग बसिरहेका छन् पुटिन !

**■ एजेन्सी**

मस्को। रुसका राष्ट्रपति भ्लादिमिर पुटिन आफ्नी जिम्नास्ट प्रेमिका एलिना कबाइबासँग सन्तानसहित रुसको जङ्गलमा निकै विलासी जीवन बिताइरहेको एक नयाँ अनुसन्धानले दाबी गरेको छ। प्रोएक्ट इन्डिपेन्डेन्ट मिडिया ग्रुपमा प्रकाशित एक रिपोर्टले भाल्डाईस्थित जङ्गलमा उनीहरुको गोप्य जीवनबारे जानकारी दिइएको छ। कबाइबाको निजी काठको महल मस्कोको उत्तर-पश्चिमबाट २५० माइल टाढा छ।

बच्चाहरू नाबालिग छन्

त्यसैले प्रोएक्टले रसियाली राष्ट्रपतिको उत्तराधिकारीबारे जानकारी दिएको छैन। उनीहरुको सङ्ख्या र लिङ्ग पनि गोप्य राखिएको छ। 'यद्यपि, उनीहरू कहाँ लुकिरहेका छन् भनेर जानकारी भने दिँदै छौं,' उक्त प्रकाशनले भनेको छ। ७० वर्षका पुटिन र ३९ वर्षका कबाइबाका थुप्रै सन्तान छन् भनेर यसअघि जानकारी दिइएको थियो।

यद्यपि, उनीहरूबारे कहीँ कतै केही जानकारी उपलब्ध छैन। यस्तै, पूर्व ओलम्पिक खेलाडीले आफू भ्लादिमिरसँगको सम्बन्धमा रहेको स्वीकारसमेत गरेकी छैनन्। 'यो अनुसन्धानको क्रममा प्रोएक्टका



पत्रकारले रसियाली राष्ट्रपति र उनकी प्रेमिकाबीचको सम्बन्ध र यी दुईले आफ्नो महल बनाउने क्रममा मध्यकालीन इतिहासका पुस्तकहरूको नक्कल गरेको देखिएको छ।' पुटिन र उनकी प्रेमिकाको सम्पत्ति र महलको विवरण कहीँ कतै नभेटिएपछि यो अथाह भएको धेरैले दाबी गरेका छन्।

नयाँ तस्बिरमा पुटिन लुकिरहेको महललाई पहिलो पटक देखिएको छ।

सत्तामा आएपछि पुटिनले भाल्दाइ नामको महल बनाए। यो भवनलाई एफएसओ सेक्युरिटीले सुरक्षा दिन्छ।

'सन् २०१३ मा पुटिनले पूर्व फर्स्ट लेडी ल्युडमिलासँग आधिकारिक रूपमा सम्बन्ध विच्छेद गरे। तर उनलाई भाल्दाई सधैं मन परिरह्यो। गोल्डेन हाउस नाम दिइएको यो घरमा नै उनले आफ्नी नयाँ प्रेमिका (कबाइबा) लाई पहिलो पटक ल्याए।' रिपोर्टमा भनिएको छ, 'तर पछि उनले कबाइबा र उनका छोराछोरीका लागि काठको नयाँ महल बनाए। यो गोल्डेन हाउसभन्दा ८०० मिटर टाढा छ। यो घर सन् २०२० देखि बनाउन सुरु गरिएको हो।'

# मलेसियामा फेरि भीषण बाढी



**■ एजेन्सी**

क्वालालम्पुर। मलेसियामा फेरि भीषण बाढी आएको छ। गाउँ-सहर जलमग्न भएका छन्। उद्धारकर्ताहरूले घरको छतबाट पीडितलाई सुरक्षित स्थानमा पुर्‍याएका छन्।

बिहीबार बिहानसम्म बाढीबाट एकजनाको मृत्यु भएको उद्धारकर्ताले बताएका छन्। बाढीले कार बगाउँदा उनको मृत्यु भएको हो। २६ हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ।

दक्षिणी जोहोर राज्य र छिमेकी सिंगापुर सबैभन्दा बढी प्रभावित भएका छन्। बुधबारको अविरल वर्षाले समस्या थपिएको छ। देशका पाँच राज्य बाढीको चपेटामा परेका छन्। सरकारी अधिकारीहरूका अनुसार विद्यालय र सामुदायिक भवनमा पीडितलाई सारेर राहतका कार्यक्रम सञ्चालन गरिएको छ।

गएको नोभेम्बरमा बाढीबाट पीडित भएको मलेसियामा पुनः बाढीले जनजीवन तहसनहस पारेको छ। मौसम विज्ञान विभागले आउँदो अप्रिलसम्म वर्षा हुने जनाउँदै सबैलाई सचेत र सतर्क रहन आह्वान गरेको छ।

जोहोर राज्यका सडक जलमग्न भएका छन्। केहीमा क्षति पनि भएको छ। सामाजिक सञ्जालमा पोस्ट गरिएका तस्बिरमा सवारीसाधन, घर र पसल डुबेका देखिन्छन्। राष्ट्रिय बाढी प्रकोप नियन्त्रण निकायले पोस्ट गरेका तस्बिरमा बालबालिकालाई बाल्टिनमा बोकेर सुरक्षित स्थानमा लगिएको देखिन्छ।

देशका २५ नदीमा पानीको सतह खतराको तहमा पुगेको उक्त निकायले जनाएको छ।

सजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित। कार्यालय: पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्सप्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी